का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक ३६

❐ २३ फागुन २०७६, शुक्रबार

❐ 6 March 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# मास्क खोज्दै सरकार



मध्यान्ह संवाददाता
काठमाडौं, २२ फागुन

सरकारले मास्कको अपूर्ति र उत्पादन बढाउने विषयमा पहल थालेको छ । यस विषयमा निजी क्षेत्रसँग सहकार्य भइरहेको सरकारले जनाएको छ । नेपालमा कोरोना भाइरस (कोभिड–१९) को प्रभाव नदेखिएको बताउँदै सरकारले संक्रमण हुनै नदिने गरी उच्च सुरक्षा सतर्कता अपनाइएको बताएको छ ।

बिहीबार मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्रालयको जिम्मेवारीसमेत सम्हालिरहेका अर्थमन्त्री युवराज खतिवडाले सरकार र स्वास्थ्य मन्त्रालयले उच्च प्राथमिकतामा राखेर नियन्त्रणको प्रयास भइरहेको जानकारी दिए ।

मन्त्री खतिवडाले कोरोना भाइरस नियन्त्रणका लागि अहिले प्रदेश र स्थानीय सरकारसँग छलफल गरी अगाडि बढिरहेको बताए । कोरोनाका कारण पर्यटन, व्यापारलगायतका क्षेत्रमा असर पर्ने अनुमान गरिएको उनको भनाइ छ । लगानीका अवसर, बजार आपूर्तिका सन्दर्भमा प्रभाव पर्ने कुराहरू अनुमान गर्न सकिने उनले बताए । अर्थमन्त्री खतिवडालाई सेयर बजारले तपाईंलाई नरूचाएको हो ? भनेर पत्रकारले सोधेको प्रश्नमा खतिवडाले आफ्नो कार्यकालमा नै पुँजी बजारमा ठूलो नीतिगत सुधार भएको बताए ।

उनले भने, ‘अहिलेसम्मको पुँजीबजार हेर्दा विगत २ वर्षमा धेरै सुधार भएको छ । अर्थमन्त्रीको काम लगानीकर्तालाई अवसरसम्म पुर्‍याउने हो, बाँकी उसको जिम्मा । लगानीकर्ताले कम्पनी वासलात, नाफा नोक्सान हेरेर गर्नुपर्छ । नीतिगत समस्या देखिएका छन् भनेर बसेर छलफल गर्न सकिन्छ ।’ अर्थमन्त्री खतिवडाले व्यक्तिको अनुहारभन्दा पनि कम्पनीको वासलात हेरेर लगानी गर्न सुझाव दिए ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले स्वस्थ्य मन्त्रालयले छुट्टाछुट्टै तीन वटा समितिहरू गठन गरेर कोरोना भइरसका भित्रिन नदिने गरी काम भइरहेको बताए । मन्त्रीको संयोजकत्वमा, सचिवको संयोजत्वमा र सम्बन्धित महाशाखा समितिको संयोजकत्वमा प्राविधिक कमिटी गठन गरी काम भइरहेको उनले बताए । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा जनशक्ति थपेर काम भइरहेको उनले बताए । विमानस्थलमा शंस्कास्पद देखिएका व्यक्तिहरूलाई तुरुन्त उपचारका लागि पठाउने गरिएको उनले बताए । एक सिफ्टमा ७ जनासम्म चिकित्सकसहितको टोली र रातिको सिफ्टमा ४ जनाको टोली विमानस्थलको हेल्थ डेस्कमा खटाइएको उनले बताए । सात वटै प्रदेशमा सरकारले टोलीहरू पठाएको उल्लेख गर्दै प्रवक्ता देवकोटाले नेपाल भारतका ३७ वटा सीमा नाकाहरूमा टोली खटाउने तयारी भइरहेको बताए ।

## नेपाल–भारतका ३७ नाकामा स्वास्थ्य टोली

मध्यान्ह संवाददाता
काठमाडौं, २२ फागुन

सरकारले कोरोना भाइरस (कोभिड-१९) रोकथाम र नियन्त्रणका लागि सीमा नाकाहरूमा निगरानी बढाउने भएको छ । कोभिड-१९ रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बिहीबार रक्षा मन्त्रालयमा बसेको बैठकले सीमा नाकाहरूमा निगरानी बढाउने निर्णय गरेको हो । बैठकले बोर्डरहरूमा हेल्थ डेस्क राख्ने तथा क्वारेन्टाइन भवनहरू निर्माण गर्ने विषयमा समेत छलफल गरेको छ । संक्रमण भित्रिन नदिन तत्काल चाल्नुपर्ने कदमहरूका विषयमा बैठकमा मुख्य रूपमा छलफल भएको थियो ।

समितिको बैठकले त्रिभुवन विमानस्थलमा भइरहेको चेकजाँचलाई अझ व्यवस्थित र कडा बनाउने निर्णय गरेको छ भने नेपाल-भारतका ३७ वटा नाकामा स्वास्थ्य टोली पठाउने निर्णय गरेको छ । यस्तै अत्यावश्यक सेवाहरूको प्रबन्ध गर्ने तथा आवश्यक औषधिहरू भारतबाट मगाउने निर्णयसमेत बैठकले गरेको छ । बैठकमा सहभागी रक्षामन्त्री ईश्वर पोखरेलले भने, ‘बाहिरबाट आएकाहरूलाई व्यवस्थित र बाँकी पृष्ठ २ मा

## यस्ता छन् मन्त्रिपरिषद्का निर्णयहरू

१. आन्तरिक राजस्व विभागअन्तर्गतका कार्यालयहरूको कार्यक्षेत्र तथा अन्तःशुल्क अधिकृतको अधिकार क्षेत्र तोक्ने ।

२. डिपार्टमेन्ट अफ फूड टेक्नोलोजी एण्ड क्वालिटी कन्ट्रोल,नेपाल र बंगलादेश स्ट्यान्डर्ड एण्ड टेस्टिङ इन्स्टिट्युसन, बंगलादेशबीच हुने समझदारी पत्रमा नेपालको तर्फबाट हस्ताक्षर गर्न विभागका महानिर्देशकलाई अख्तियारी प्रदान गर्ने ।

- ट्रेडिङ कर्पोरेसन अफ बंगलादेश र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड, नेपालबीच हुने समझदारीपत्रमा नेपालको तर्फबाट हस्ताक्षर गर्न एसटिसीका प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गर्ने ।

- नेपाल र बंगलादेशकाबीचमा प्रिफेरेन्सियल ट्रेडिङ अग्रिमेन्टको भागको रूपमा रहने प्रडक्ट लिस्टमा छलफल गर्ने वस्तुहरूको सूची तयार गर्न र सो सूची बंगलादेश पक्षलाई उपलब्ध गराउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. बैकुण्ठ अर्याललाई अख्तियारी प्रदान गर्ने।

३. नेपाल गुणस्तर साधारण पोर्टल्याण्ड सिमेन्ट, ४३ ग्रेड र ५३ ग्रेडः विशिष्टिकरण अनिवार्य गर्ने सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

४. कलकत्तास्थित नेपाली महावाणिज्यदूतमा ईश्वरराज पौडेललाई नियुक्ति गर्ने ।

बाँकी पृष्ठ २ मा

# प्रधानमन्त्री एक साता अस्पतालमा

मध्यान्ह संवाददाता
काठमाडौं, २२ फागुन



मिर्गौला प्रत्यारोपण गराएका प्रधानमन्त्री केपी शर्मा ओली एक सातापछि मात्र डिस्चार्ज हुने भएका छन् । प्रधानमन्त्री ओलीलाई चार दिनपछि डिस्चार्ज गर्न मिल्ने भए पनि आरामका लागि एक साता अस्पतालमै राख्न लागिएको प्रधानमन्त्रीकी निजी चिकित्सक दिव्यासिंह शाहले जानकारी दिएकी छन् ।

बुधबार त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा प्रधानमन्त्री ओलीको मिर्गौला प्रत्यारोपण भएको थियो । ओलीको स्वास्थ्य अवस्था समान्य रहेको छ । डा.शाहले भनिन्, ‘प्रधानमन्त्रीज्यूको स्वास्थ्य खतरामुक्त छ । तर अझै संक्रमणको जोखिम रहन्छ । अझै एक हप्तासम्म अस्पतालमै राख्ने सोचमा छौं ।’

उनले बालुवाटारमा प्रधानमन्त्रीलाई लैजाँदा भेटघाट बढी हुने भएकाले अस्पतालमा राख्न खोजिएको जानकारी दिइन् । उनले भनिन्, ‘सात दिनपछि डिस्चार्च गर्छौं । उहाँले बालुवाटार फर्किएर मिटिङहरू राख्न सक्नुहुन्छ । तर एक महिनासम्म बाहिरका कार्यक्रममा सहभागी हुन सक्नुहुन्न ।’

डा.शाहले प्रधानमन्त्रीलाई एक महिनासम्म कडा डोजको औषधि चलाइने भएकाले खानपिनमा ध्यान दिनुपर्ने र इन्फेक्सनबाट जोगिनुपर्ने बताइन् । प्रधानमन्त्री ओलीले जाउलो खान सुरु गरेको शाहले जानकारी दिइन् । उनले भनिन्, ‘उहाँलाई मैले दुःखे नदुःखेबारे सोधेको थिएँ । दुःखेको छैन भन्नुभयो ।’ शाहले प्रधानमन्त्रीलाई मिर्गौला दिने समीक्षा संग्रौलाको पनि स्वास्थ्य अवस्थामा सुधार भइरहेको जानकारी दिइन् ।

# बैंकमा सुन राखे व्याज पाइने

मध्यान्ह संवाददाता
काठमाडौं, २२ फागुन



बैंकमा सुन धितो राखेर ऋण लिने मात्र होइन, बैंकमा सुन जम्मा गरेर उल्टै व्याज पनि पाउने भएका छन् । राष्ट्र बैंकले बिहीबार निर्देशन जारी गर्दै सुन निक्षेप योजना सुरु गरेको हो ।

न्यूनतम २५ ग्रामभन्दा बढी सुन मात्र बैंकले निक्षेपका रूपमा लिनेछन् । सुनको शुद्धता तथा तौल मापन गर्ने छुट्टै संयन्त्र बैंकले तोक्नु पर्नेछ । कम्तीमा ९९५ फिटनेस सुन मात्र बैंकले निक्षेपका रूपमा लिने छन् ।

आफूले बैंकमा जम्मा गरेको साँवा सुन तथा व्याज सुनमै फिर्ता लिने वा नगदमा लिने पहिले नै बैंकसँग सम्झौता गर्नु पर्नेछ । सुन निक्षेप कम्तीमा ३ वर्ष र अधिकतम ५ वर्षका लागि राख्नुपर्ने हुन्छ । सुन निक्षेपको व्याजदर बैंकहरूले नै निर्धारण गर्नेछन् । नगदमा व्याज लिने ग्राहकलाई व्याज रकम त्रैमासिक रूपमा भुक्तानी गर्नुपर्छ । सुन व्याजमा लिने ग्राहकलाई त्रैमासिक रूपमा ‘ कम्पाउन्डिङ इन्ट्रेस्ट’ मा गणना गरी निक्षेप अवधिपछि भुक्तानी गर्नुपर्छ । सुन निक्षेप राख्दा मूल्यांकन सुनचाँदी व्यवसायी महासंघले तोकेको बजार मूल्यमा गर्नुपर्ने हुन्छ ।

सुन निक्षेप स्वीकार गर्ने बैंकको ढुकुटीमा रहेको सुन राष्ट्र बैंकको निर्देशन अनुसार कायम गर्नुपर्ने अनिवार्य तरलता अनुपात (सीआरआर) तथा वैधानिक तरलता अनुपात (एसएलआर) गणना गर्न सकिने भएको छ । सीआरआरको अधिकतम २५ प्रतिशतसम्म मात्र सुन निक्षेपको रूपमा गणना गर्न पाइने छ । १० लाख रूपैयाँभन्दा बढीको सुन निक्षेपको स्रोत खुलाउनु पर्नेछ । सुन निक्षेपको प्रमाणपत्रलाई त्यही बैंकमा धितो राखी निक्षेपमा रहेको सुनको ७० प्रतिशतसम्म ऋण पाउन सकिने भएको छ । यसको व्याजदर निक्षेपमा पाइरहेको भन्दा २ प्रतिशत विन्दु बढी हुनेछ ।

## जापान रोजगारी
# कन्सल्ट्यान्सीको विज्ञापन अवैध : विभाग

मध्यान्ह संवाददाता
काठमाडौं, २२ फागुन

मध्यान्ह संवाददाता
काठमाडौं, २२ फागुन

वैदेशिक रोजगार विभागले म्यानपावर कम्पनीबाहेकका संस्थाले जापान रोजगारीका लागि गर्ने विज्ञापन अवैध भएको प्रष्ट पारेको छ । जापानमा आकर्षक तलबसहितको रोजगारी भन्दै केही शैक्षिक कन्सल्ट्यान्सीहरुले फरक शैलीमा वैदेशिक रोजगारीको विज्ञापन प्रकाशित गरेपछि विभागले सार्वजनिक सूचना जारी गर्दै यसबारे आफ्नो धारणा सार्वजनिक गरेको हो ।

उच्चशिक्षा आर्जन गर्ने नाममा प्रत्येक वर्ष हजारौं नेपाली जापान जाने गरेका छन् । यीमध्ये १० प्रतिशतले मात्रै अध्ययन गर्ने र बाँकी ९० प्रतिशतले काम गर्ने गरेको जापानबाट फर्किएका नेपालीहरूले बताउने गरेका छन् । तर उनीहरूले वैदेशिक रोजगार ऐनअनुसार नेपालबाट श्रमस्वीकृति लिएका हुँदैनन् । उनीहरूको बीमासमेत गरिएको हुँदैन ।

नेपाल र जापान सरकारबीच गत चैतमा नेपाली कामदार लैजानेबारे समझदारी भएको थियो । समझदारी अनुसार, नेपाली कामदार रोजगारीका लागि हालसम्म जापान जान पाएका छैनन् । नेपाली कामदार लैजाने प्रक्रियालाई सहज पार्न जापानले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवलाई जापान भ्रमणको निमन्त्रणा पठाएको छ । केही समयपछि मन्त्री यादव जापान जाने तयारीमा छन् । तर केही शैक्षिक कन्सल्ट्यान्सीहरूले शिक्षाभन्दा रोजगारीको प्रलोभन देखाएर आकर्षक विज्ञापन गर्ने गरेका छन् ।

भियतनामबाट कामदार जान छोडेपछि पछिल्ला दिनमा जापानमा नेपाली कामदारको माग बढेको छ । नेपाली कामदार जापानी भाषा सिक्न जिज्ञासु, मेहनती र इमान्दार रहेकाले जापानी रोजगारदाताको रोजाइमा रहेको बताइएको छ । भरपर्दो र विश्वासिलो संयन्त्र तयार भएमा जापानले आगामी दशबर्षमा एक लाख र प्रतिवर्ष कम्तीमा १० हजार नेपाली कामदार लैजाने जापानी रोजगारदाताहरूले बताएका छन् ।

जापानको नर्सिङ, कृषि र निर्माणलगायतका क्षेत्रमा नेपालीले रोजगारी पाउने अवस्था रहेको जापानी रोजगारदाताहरूको भनाइ छ । दक्ष नेपाली कामदारले जापानमा मासिक १ लाख ८० हजारदेखि २ लाख ५० हजारसम्म कमाउने सम्भावना छ । जापानमा रोजगारीको सम्भावना भए पनि नेपाल सरकारले गरेको समझदारीले कामदार पठाउने काममा नेपालका करोडौं लगानी गरेर इजाजतपत्र लिएका निजी क्षेत्रका म्यानपावर कम्पनीहरूलाई सम्लग्न गरिएको छैन । त्यसको लाभ वैदेशिक रोजगारीका लागि इजाजतपत्र नै नलिएका केही शैक्षिक कन्सल्ट्यान्सीहरूले उठाइरहेका वैदेशिक रोजगार व्यवसायीहरूको गुनासो थियो । विभागको सूचनाले वैदेशिक रोजगार व्यवासायीहरूको गुनासोलाई ढिलै भए पनि सम्बोधन भएको व्यवसायीहरूले बताएका छन् ।

विभागले जापान जान चाहने नेपाली युवाहरूलाई शैक्षिक परामर्श केन्द्रहरूको भनाइमा मात्र विश्वास नगरी वैदेशिक रोजगार विभागमा समेत सम्पर्क गरेर सत्यतथ्य बुझ्न समेत आग्रह गरेको छ । साथै बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## घर आएकालाई फर्कन रोकिएको छैन : दूतावास

**काठमाडौं/मस**–कतारमा रोजगारी गरेर बिदामा नेपाल आएका नेपालीलाई साविककै काममा फर्कन सरकारले नरोकेको कतारस्थित नेपाली राजदूतावासले जनाएको छ ।

कतारको दोहास्थित नेपाली राजदूतावासले बिहीबार एक विज्ञप्ति जारी गर्दै घर बिदामा नेपाल गएकाहरूलाई रोक्नेबारे कुनै निर्णय नभएको प्रष्ट पारेको छ । त्यसैगरी, दूतावासले नेपालबाट जारी हुने श्रमस्वीकृति पूर्ववत् सञ्चालन भइरहेको पनि त्यहाँस्थित नेपालीहरूलाई जानकारी गराएको छ ।

कोरोना संक्रमण दर खाडीलगायतका विभिन्न देशमा फैलिएकोपछि श्रमस्वीकृति बन्द भएका समाचार प्रकाशमा आएको थियो । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादव स्वयंले श्रमस्वीकृति बन्द भएको बताएपछि यसबारे थप अन्योलता उत्पन्न भएको थियो । यसबारे अन्योल उत्पन्न भएपछि श्रम मन्त्रालयले भिडियो सन्देश नै जारी गरेर श्रमस्वीकृति रोक्नेबारे तत्काल कुनै निर्णय नभएको प्रष्ट पारेको थियो ।

यद्यपि, यसबारे वैदेशिक रोजगारीमा रहेकाहरू अझै भ्रमित छन् । कतारस्थित नेपाली दूतावासका अनुसार, दूतावासमा श्रमस्वीकृतिबारे जिज्ञासा राख्दै फोनकल गर्ने क्रम बढेको छ । कतारमा श्रम गरेर बिदा मनाउन घर आएकाहरू फर्कन/नपाउनेबारे पनि अन्योल उत्पन्न भएको छ । दूतावासका अनुसार, यसबारे जिज्ञासा राख्दै उत्तिकै फोनहरू आउने गरेका छन् । यहीबीच दूतावासले विज्ञप्ति जारी गरेर प्रष्ट पारेको हो ।

‘कोरोना भाइरस (कोभिड-१९) संक्रमित मुलुकमा वैदेशिक रोजगारीका लागि जाने नेपाली नागरिकहरूलाई नेपालबाट जारी हुने श्रमस्वीकृति बन्द गरिएको र घर बिदामा नेपाल बाँकी पृष्ठ २ मा

## सभामुखले हात नमिलाउने

मध्यान्ह संवाददाता
काठमाडौं, २२ फागुन

प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटाले हात नमिलाउने बताएका छन् । विश्वमा कोरोना भाइरसको संक्रमण फैलिरहेका बेला यसको जोखिमबाट सर्तक रहन सभामुखले अब हात नमिलाउने बताएका हुन् ।

सभामुखका प्रेस सल्लाहाकार श्रीधर न्यौपानेले कोरोना भाइरसबाट सावधानी अपनाउन संसद्मा हात नमिलाउने अभियान थालेको र सभामुख सापकोटाले पनि हात नमिलाउन सुझाव दिएको बताए ।

उनले भने, ‘उहाँसँगको भेटमा जो-जो जोडिनुहुन्छ, उहाँहरूसँग हात नमिलाउ भन्ने एउटा आग्रह छ । भेटघाट गर्नेहरूलाई पनि स्यानीटाइजर लगाएर पूर्व सावधानी अपनाउन भनिएको छ ।’

सभामुख सापकोटालाई भेट्न जानेहरूलाई भेट्नुपूर्व हात सफा गर्ने केमिकल स्यानीटाइजर लगाउने गरिएको छ । नमस्कार गर्ने र सकभर हात नमिलाउन सुझाव दिइएको छ । न्यौपानेले भने, ‘हात मिलाउने राम्रो कुरा हो तर स्वास्थ्यको हिसाबले हेर्दाखेरी यो विषयलाई ख्याल गरौं भनिएको छ । उहाँ पनि स्यानिटाइजर प्रयोग गरेर मात्र जानुहुन्छ । बाक्लो भेला भएको कार्यक्रममा नजाने पनि कुरा भइहाल्यो ।’ संघीय संसद अन्तर्गत रहेको स्वास्थ्य इकाईले मन्त्री सांसद भेला हुने ठाउँमा स्यानीटाइजर राखेको छ । तर कतिपय संसदीय बाँकी पृष्ठ २ मा

# दलितलाई कोठा छाड्न दबाब दिने घरबेटीविरुद्ध उजुरी



**काठमाडौं/मस**– दलित विद्यार्थीलाई कोठा छाड्न निर्देशन दिने घरधनीविरुद्ध प्रहरीमा उजुरी परेको छ । तारकेश्वर नगरपालिका-१० का घरधनी श्रीकृष्ण विडारीविरुद्ध प्रहरीमा उजुरी परेको हो । उनको घरमा बस्ने दीपा नेपालीले घरधनी श्रीकृष्ण, उनकी पत्नी राधिका, सोही घरमा डेरा गरी बस्ने जनक ढुंगाना र उनकी पत्नी सन्तोषीविरुद्ध जाहेरी दिएकी हुन् ।

घरधनी विडारी सरकारी कर्मचारी हुन् । घरधनीले कोठा छाड्न ३५ दिने सूचना नै टाँस गरेको दीपाले बताइन् । उनीहरुविरुद्ध जातीय भेदभाव तथा छुवाछुत कसूर तथा सजाय ऐन २०६८ अनुसार कारबाही गर्न माग गरिएको छ । कैलालीकी दीपा १३ मंसिरदेखि भाइ र बहिनीका साथ विडारीको घरमा बस्दै आएकी छन् ।

दलित समुदायको भएको थाहा पाएपछि विडारीले कोठा खाली गर्न भनेको दीपा बताउँछिन् । ‘तपाईहरु दलित भएकाले टोलछिमेक र अरु डेरावालालाई पनि असर गर्छ तपाईहरु आजै कोठा छाडेर जानुस्’ विडारीले आफूलाई गरेको आग्रहबारे दीपाले भनिन् ।

घरधनी बिडारीले यसै वर्ष आफ्नो आमाको मृत्यु भएकाले दलित समुदायलाई घरमा राख्न नमिल्ने भनेको पनि दीपाले बताइन् ।

नेपाल कम्युनिस्ट पार्टीको विद्यार्थी संगठन अनेरास्ववियूले दीपा नेपालीविरुद्ध भएको जातीय विभेदको विरोध जनाएको छ । घरधनी विडारीले कोठा छाड्न पटक पटक दबाव दिने अमानवीय व्यवहार प्रकट गर्ने र मनोवैज्ञानिक रुपमा असर पार्ने गरेको भन्दै विरोध जनाएको हो ।

अनेरास्ववियू त्रिवि कमिटीका संयोजक लोकेन्द्र यरी र सह-संयोजक अम्मरराज जोशीले विज्ञप्ति जारी गरी नेपालको संविधान र कानून विपरीत जातीय विभेद गर्ने घरधनी विडारीलाई कारवाही गर्न माग गरेको छ ।

# हुलाकी सडक आयोजनालाई निर्देशन

**काठमाडौं/मस-** प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिका सभापति कल्याणी खड्काले हुलाकी सडकअन्तर्गत कैलाली खण्ड यथाशीघ्र निर्माण गर्न विभिन्न सरोकारवाला पक्षलाई निर्देशन दिएकी छन् ।

सभापति खड्का सहितको टोलीले बिहीबार हुलाकी सडकको कैलाली खण्डको कैलारी गाउँपालिकाको वसन्ता क्षेत्र, भजनी नगरपालिकाको लालबोझी तटबन्ध, भजनी लालबोझीको ठेकीपुर पुल र सत्ती पुलको स्थलगत अनुगमन तथा निरीक्षण गरेको थियो ।



सो अवसरमा संसदीय समितिका सभापति खड्काले वसन्ता क्षेत्रको दुई किलोमिटरमा रहेका रूख काट्न पहल थाल्न वन कर्मचारीलाई निर्देशन दिइन् । उनले हुलाकी राजमार्गमा पर्ने कान्द्रा नदीमा निर्माणाधीन ठेकीपुर पुल चाँडै बनाउन निर्माण कम्पनीका ठेकेदारलाई निर्देशन दिइन् । संसदीय टोलीलाई वसन्ताको वन सबडिभिजन कार्यालयका फरेस्टर प्रेम विष्टले वसन्ताको दुई किलोमिटरमा पर्ने रूखको संख्याबारे प्रतिवेदन पठाउन केही दिनअघि वन मन्त्रालयले पत्र पठाएको जानकारी दिए ।

उनले हुलाकी सडक आयोजनाको सहयोगमा चाँडै रूखको लागत प्रतिवेदन पठाइने जानकारी दिए । उनका अनुसार सडकको मुख्य बिन्दुबाट दुवै किनारामा छ मिटरको परिधिमा काटिने रूखको संख्या विवरण मन्त्रालयले मागेको छ । संसदीय समितिका सभापति खड्का नेतृत्वको टोलीमा रहेका हुलाकी आयोजना धनगढीका इन्जिनीयर पदम मडैले एक-दुई दिनमै सडकको बिन्दु निर्क्यौल गरिने जानकारी दिए ।

त्यस्तै २०६८ सालमा टेन्डर भएर पनि अझैसम्म निर्माण हुन नसेकेको भजनी नगरपालिका-५ लालबोझी ठेकीपुरको पुल पनि चाँडै निर्माण गर्न सभापति खड्काको टोलीले निर्माण कार्यमा संलग्न पक्षलाई निर्देशन दिए । सो पुल निर्माणमा खटिएका इन्जिनीयर विकास कर्णले चालू आवको असार मसान्तमा सो पुलमा गाडी गुडाउने गरेर काम भइरहेको सभापति खड्कालाई जानकारी दिए ।

टोलीमा समितिका सदस्य आशाकुमारी विक, कैलाली क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य गौरीशङ्कर चौधरी, पूर्वसभासद मदनकुमारी शाह, टीकापुर नगरपालिकाका प्रमुख तपेन्द्रबहादुर रावल, कैलारी गाउँपालिका अध्यक्ष लाजुराम चौधरी, भजनी नगरपालिका प्रमुख शेरबहादुर चौधरी र उपप्रमुख छाया देवकोटा, समितिका सचिव ओम कार्की, कर्मचारी र विज्ञको सहभागिता थियो ।

कैलाली खण्डको हुलाकी सडक निर्माण कार्य धेरै सकिएको भए पनि विभिन्न कारणले धनगढी क्षेत्र, वसन्ता क्षेत्र र भजनी लालबोझीका सडक तथा पुल निर्माण कार्य पूरा हुन नसकेको अनुगमनका क्रममा पाइएको सभापति खड्काले प्रतिक्रिया दिइन् । सो सडक बनेमा पूर्वपश्चिम राजमार्गको तुलनामा टीकापुर, भजनीका साथै नेपालगञ्ज पुग्नसमेत छोटो दूरी रहनेछ ।

# मुद्दा फछ्र्योटको संख्या बढ्दो

**पाल्पा/रासस-** पाल्पा जिल्ला अदालतमा न्याय सम्पादन छिटो छरितो रुपमा हुन थालेपछि मुद्दा फछ्र्योटको संख्या बढेका छन् । अदालतमा हालसम्म कूल ४२९ मुद्दा दर्ता भएकामा २४२ मुद्दाको फछ्र्योट भएको छ। मुद्दा फछ्र्योट छिटोछरितो रुपमा हुँदा अदालतको प्रगति प्रतिशत बढ्दो छ ।



जिल्ला अदालतले आर्थिक वर्ष २०७६/७७ को माघ मसान्तसम्म १७८ मुद्दा फछ्र्योट गर्ने लक्ष्य लिएको थियो । माघ मसान्तसम्म २२६ मुद्दा फछ्र्योट भएपछि अदालतको १२७ प्रतिशत प्रगति देखिएको हो । न्याय सेवालाई प्रभावकारी बनाउन र जनताको पहुँच न्याय क्षेत्रमा पुऱ्याउने उद्देश्यका साथ छिटोछरितो रुपमा काम हुँदै आएको छ । जिल्ला अदालतले आव २०७६/७७ को हालसम्म ५६.४१ प्रतिशत मुद्दा फछ्र्योट गरेको छ । आव २०७६/७७ को हालसम्म कूल ४२९ मुद्दामा २४२ मुद्दाको फछ्र्योट गरिएका हुन् । एक सय ८७ मुद्दाको फछ्र्योट हुन बाँकी छ ।


कूल मुद्दामा २४२ मुद्दाको फछ्र्योट हुँदा अदालतको प्रगति ५६.४१ प्रतिशत रहेको न्यायाधीश खडक केसीले बताए । न्याय सेवालाई छिटोछरितो रुपमा सम्पादनले अदालतको नतिजा राम्रो देखिएको हो । आव २०७६/७७ को मुद्दा फछ्र्योट गर्ने लक्ष्य ३८१ रहेकामा हालसम्म २४२ मुद्दा फछ्र्योट हुँदा अदालतको प्रति ६३.५१ प्रतिशत देखिएको हो । अदालतमा दुनियावादी देवानी ३०३ मुद्दामा हालसम्म १७६ फछ्र्योट हुँदा १२७ मुद्दा अझै बाँकी रहेका छन् । दुनियावादी फौजदारी मुद्दा हालसम्म २९ रहेकामा १२ मुद्दाको फछ्र्योट हुँदा अब १७ मुद्दा बाँकी रहेका जिल्ला न्यायाधीश केसीले बताए । त्यसैगरी सरकारीवादी फौजदारी मुद्दा ९४ रहेकामा हाल ५१ मुद्दा फछ्र्योट भइसकेका छन् । हाल ४३ मुद्दाको अझै फछ्र्योट हुन सकेको छैन ।

अदालतका स्रेस्तेदार कृष्ण मुरारीले थुनुवा मुद्दातर्फ हालसम्मको जम्मा लागत ३७ थान मुद्दामा जम्मा १३ मुद्दा फछ्योट भइसकेका बताउनुभयो । थुनुवातर्फ अझै २४ मुद्दाको फछ्र्योट हुन सकेको छैन । थुनुवा मुद्दाको फछ्र्योट हुँदा २७ थुनुवा संख्या छ । हाल दुई महिला र २५ पुरुष छन् । पुरुषमध्ये तीनजना विदेशी नागरिकसमेत रहेका मुरारीले बताउनुभयो । स्थानीय तहमा गठित न्यायिक समितिका काम कारवाही प्रभावकारी बनाउन जिल्ला अदालतले निरीक्षण गरेको छ । न्यायिक समितिमा कानूनी दक्षता नभएका मानिस समितिमा हुँदा कार्यसम्पादनमा समस्या देखिएको छ ।

# कोरोनाको समाचार लेख्दा संवेदनशील बनौं : प्रेस काउन्सिल

**काठमाडौं/मस-** कोरोना भाइरस (कोभिड-१९) सँग सम्बन्धित समाचार सम्प्रेषण गर्दा संवेदनशील बन्न प्रेस काउन्सिल नेपालले सञ्चारकर्मी तथा सञ्चार माध्यमहरूलाई आग्रह गरेको छ ।

विश्वमा नै त्रास फैलाइरहेको कोरोनाबारे नेपालका केही सञ्चार माध्यम र सामाजिक सञ्जाल प्रयोगकर्ताले तथ्यहीन समाचार सम्प्रेषण गरेको भन्दै काउन्सिलले एक विज्ञप्तिमार्फत



ध्यानाकर्षण गराएको हो ।

'जटिल अवस्थामा केही मिडिया र सामाजिक सञ्जाल प्रयोगकर्ताबाट हल्ला, अनुमान र खेलाँचीको शैलीमा तथ्यहीन , पुष्टि नभएका र एकपक्षीय सूचना सम्प्रेषण हुने गरेको पाइएको छ,' काउन्सिलका सहप्रकाशकीय अधिकृत दीपक खनालद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'संयमित हुनुपर्ने यस्तो घडीमा जिम्मेवारीबोधको समेत ख्याल नगरी समाचार सम्प्रेषण भएकोतर्फ प्रेस काउन्सिल नेपाल सञ्चालक समितिको समेत गम्भीर ध्यानाकर्षण भएको छ ।'

काउन्सिलले प्रेस काउन्सिल नेपाल पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को ५ को दफा १४ मा उल्लेख प्रावधान स्मरण गराउँदै जिम्मेवारपूर्वक समाचार सम्प्रेषण गर्न सञ्चार माध्यम तथा सञ्चारकर्मीसँग आग्रह गरेको छ ।

# कोरोनाप्रति सचेत रहन प्रशासनको आग्रह

**इमरान खान/मध्यान्ह**
कपिलबस्तु, २२ फागुन

कोरोनाप्रति सतर्क रहन जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुले आग्रह गरेको छ । कोरोनाको संक्रमण विश्वव्यापी बनिरहेका बेला प्रशासनले बिहीबार एक विज्ञप्ति जारी गरेर सतर्क रहन आग्रह गरेको हो ।

प्रशासनद्वारा जारी विज्ञप्तिमा



नितान्त पारिवारिक भेटघाटबाहेक जात्रा,पर्व, मेला, महोत्सव नगर्न भनिएको छ। साथै उसले मास्कको प्रयोगलगायतका स्वास्थ्य सतर्कता अपनाउन पनि सुझाएको छ । रुघाखोकी लाग्ने, शरीर दुख्ने, ज्वरो आउनेलगायतका लक्षण देखापरेमा स्वास्थ्य संस्था जान पनि प्रशासनले जिल्लावासीहरूलाई आग्रह गरेको छ ।

# रत्ननगरमा ४३ बिघा सार्वजनिक जग्गा संरक्षण

**रत्ननगर/रासस-** रत्ननगर नगरपालिकाले दुई वर्षका अवधिमा ४३ बिघा सार्वजनिक जग्गा संरक्षण गरेको छ । पूर्वमन्त्रीदेखि समाजका धनाढ्यसम्मले कब्जा गरेको सार्वजनिक जग्गा फिर्ता गर्न रत्ननगर सफल भएको हो ।

सार्वजनिक जग्गा संरक्षणका लागि नगरपालिकाद्वारा गठित समितिका संयोजक एवं वडा नं १४ का अध्यक्ष हरिकुमार श्रेष्ठका अनुसार वडा नं १ मा पाँच कट्ठा, ३ मा सात कट्ठा, ४ मा एक बिघा, ७ मा सात बिघा, ८ मा पाँच बिघा, ९ मा सात बिघा १९ कट्ठा, १० मा पाँच बिघा सात कट्ठा, १५ मा दुई बिघा र १६ मा १४ बिघा जग्गा संरक्षण गरिएको छ ।

नगरपालिकाले फिर्ता गरिएका अतिक्रमित जग्गामा विकासका पूर्वाधार निर्माण शुरु गरिसकेको छ ।

## नेपाल....

ठीक ढङ्गले जाँच गर्ने, सङ्क्रमण प्रभावित व्यक्ति भरसक आउन नदिने र जनसचेतना कार्यक्रमलाई तीव्र रूपमा अघि बढाइनेछ ।'

कोरोनासँग सम्बन्धित काममा बढी ध्यान दिनसमेत बैठकले स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिएको छ । सरकारले यसअघि नै भेला तथा जमघट नगर्न भनिसकेको छ । विद्यालयमा विशेष ध्यान दिँदै स्वास्थ्य परीक्षणमा थप प्रभावकारी बनाउने विषयमा समेत छलफल भएको छ । बजारमा मास्क अभाव हुने सम्भावना रहेकाले नेपाल उद्योग वाणिज्य महासंघसँगको समन्वयमा तत्कालै उत्पादन गर्ने विषयमा सरकार गम्भीर रहेको उपप्रधानमन्त्री पोखरेलले बताए । पोखरेलले भने, 'सस्तोमा मास्क उत्पादन गर्न छलफल भइरहेको छ, अनुदान दिनुपर्ने विषयमा पनि राज्य गम्भीर छ । राज्यले कुनै पनि वस्तुको अभाव हुन दिँदैन । अभाव नहोस् भन्नेमा सावधानी अपनाइएको छ ।'

संक्रमण फैलिएको चीनको उहान प्रान्तबाट गत माघ ९ गते आएका एक जनामा संक्रमण देखिएको थियो । उनी अहिले कोरोनामुक्त रहेको र त्यसपछि अहिलेसम्म नेपालमा कुनै संक्रमण नदेखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

छिमेकी मुलुकसहित विश्वका ८४ देशमा कोभिड-१९ को संक्रमण फैलिसकेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार ९५ हजार ४८१ जनामा रोग देखिएकामा तीन हजार २८५ जनाको मृत्यु भइसकेको छ । कोरोनाका कारण ६ हजार ४ सय २० जना उच्च जोखिममा छन् । अहिलेसम्म ५३ हजार ६८८ जना निको भएर घर फर्किसकेका छन् ।

## सभामुखले...

समितिमा भने स्यानिटाइजर राखिएको छैन । चीनबाट फैलिएको कोरोना भाइरससँग लड्ने समूहको नेतृत्व गरेका इरानका स्वास्थ्य उपमन्त्री स्वयं कोरोना भाइरसको शिकार भएका छन् । चीनमा पनि उच्च पदस्थ पदाधिकारी यो भाइरसको शिकार भएका छन् । सिंहदरबार भित्रका सरकारी कार्यालयमा स्यानिटाइजरलाई अहिले कोरोनाबाट सावधानी अपनाउने एकमात्र उपाय मानिएको छ ।

## जापान...

विभागले जापानको रोजगारीका नाममा कुनै आर्थिक कारोबार नगर्न चेतावनी दिँदै, गरेमा वैदेशिक रोजगार ऐन २०६४ र नियमावली अनुसार कारबाही गर्ने बताएको छ ।

जापानले गत वर्ष विदेशी कामदार लैजाने घोषणा गर्दै पहिलो ५ वर्षमा ३ लाख ४५ हजार १ सय ५० कामदार लैजाने योजना सार्वजनिक गरेको थियो । त्यसमध्ये नेपालको भागमा प्रतिवर्ष झन्डै ४० हजार कामदार पर्ने अनुमान छ । जापानले पहिलो पाँच वर्षमा विदेशबाट ६० हजार नर्स लैजाने बताएको छ । जापानमा कामदारहको माग रहने तर समझदारी अनुसार सरकारले पनि नपठाउने निजी क्षेत्रका व्यवसायीहरूलाई पनि कामदार पठाउने प्रक्रियामा सहभागी नगराउँदा शैक्षिक कन्सल्ट्यान्सीहरूलाई अनुचित लाभ पुग्ने धेरैको विश्लेषण रहेको छ ।

जापानले नेपालसहित भियतनाम, चीन, फिलिपिन्स, इण्डोनेसिया, थाइल्याण्ड, म्यानमार, कम्बोडिया र मंगोलियाबाट कामदार लिने लैजाने इच्छा देखाएको छ । जानकारहरूका अनुसार, दक्षिण एसियामा पनि नेपाली कामदारप्रति जापानको बढी भरोसा छ ।

## घर...

गएका मानिसहरू पुनः आपनो कार्यस्थल रहेको मुलुकमा फर्कन पाउने/नपाउनेबारे विभिन्न सञ्चारमाध्यममा छापिएका समाचारलाई समेत आधार मानी यस राजदूतावासमा बारम्बार टेलिफोन तथा इमलेमार्फत जानकारी माग गर्ने गरिएको छ,' दूतावासद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'यस सन्दर्भमा नेपाल सरकारले उल्लेखित व्यहोराको कुनै निर्णय नगरेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।'

नेपाल सरकारले यसबारे कुनै नयाँ निर्णय लिनेबित्तकै यथाशीघ्र जानकारी गराउने पनि कतारस्थित नेपाली राजदूतावासले जनाएको छ ।

कतार नेपालीको प्रमुख रोजगार गन्तव्य हो । चीनको हुवेई प्रान्तबाट सुरु भएको कोरोना कतारसम्म पुगेको छ । साउथ चाइना मर्निङ पोस्टका अनुसार, हालसम्म यहाँका ८ जनामा कोरोना संक्रमण देखिएको छ । लगत्तै त्यहाँको सरकारले कोरोना संक्रमण रोकथामका लागि सतर्कता अपनाएको छ ।

विदेशस्थित नेपाली दूतावासहरूले रोजगारीमा रहेका नेपाली कामदारहरूलाई उच्च सतर्कता अपनाउन आग्रह गरेका छन् ।

संयुक्त अरब इमिरेट्स (यूएई) को दुबईस्थित नेपाली दूतावासले त्यहाँ रहेका नेपालीहरूलाई कोरोनाभाइरस ( कोभिड-१९) को संक्रमणबाट जोगिन सतर्क गराएको हो ।

नेपाली दूतावासद्वारा जारी विज्ञप्तिमा यूएईमा रहेका कामदार तथा पेसा व्यवसाय गरी बसेका नेपालीहरूलाई संक्रमणप्रति सजग रहन भनिएको छ । दूतावासले सार्वजनिक स्थल वा कामबाट फर्केपछि कपडा फेरेर साबुन पानीले हात धुने, काम नपरेसम्म भीडभाड हुने ठाउँमा नजान सुझाएको छ ।

## यस्ता...

५. जनवादी गणतन्त्र चीनका लागि नेपालका आवासीय राजदूत लीलामणि पौड्याललाई फिर्ता बोलाई महेन्द्र बहादुर पाण्डेलाई राजदूत नियुक्तिका लागि सिफारिस गर्ने ।

६. सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण सम्बन्धी जाँचबुझ आयोगका कानूनी सल्लाहकार श्री युवराज कोइरालाले दिनुभएको राजीनामा स्वीकृत गर्ने ।

७. चीन सरकारको सहयोगमा निर्माण हुने चक्रपथ विस्तार दोश्रो चरणको परियोजनाका लागि सडक विभाग, काठमाडौं चक्रपथ सुधार योजनाका योजना प्रमुखलाई प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्न स्वीकृति प्रदान गर्ने ।

८. सुपर मादी जलविद्युत आयोजनाको पावरहाउस, हेडवर्क्स, पेनस्टक र पहुँचमार्ग लगायतका संरचनाहरू निर्माण गर्नका लागि अन्नपूर्ण संरक्षण क्षेत्र अन्तर्गत पर्ने कास्की जिल्लाको मादी गाँउपालिका-२ मा रहेको कूल जम्मा ६.९५ हेक्टर सरकारी वन प्रयोग गर्न र रुखविरुवाहरू हटाउन समेत स्वीकृति दिने ।

९. नेपालका निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालनका लागि इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७६ स्वीकृत गर्ने ।

१०. न्यूनतम पारिश्रमिक निर्धारण समितिको रिक्त अध्यक्ष मालिका गाउँपालिका ६, गुल्मीका श्री राजेन्द्रवहादुर अर्यालला‌ई २ वर्षको लागि नियुक्त गर्ने ।

११. सहरी विकास मन्त्रालय अन्तर्गत आ.व. २०७६।७७ मा सञ्चालनमा रहेका आयोजनाहरूको लागि राजपत्रांकित पदका ५ (पाँच) वटा अस्थायी दरवन्दी स्वीकृत गर्ने ।


**नोवल वहुउद्देश्यीय सहकारी संस्था लि.मानभवन ललितपुर**

**त्रुटि सच्याईएको**

मिति २०७६/११/२२ गते यसै पत्रिकामा भवन निर्माण सम्वन्धी प्रकाशित सूचनामा भवन ३.५ तल्ला, वोलपत्र फाराम दस्तुर रु.५०००। धरौटीवापत कवोल गरेको अंकको २.५% हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ ।



**Narayan Municipality**
Office of The Municipal Executive
Dailekh, Karnali Province

**Invitation for Bids**

**Notice No.: 6/2076/77**

First Date of Publication: 2076/11/22 (5 March 2020)

1. The Narayan Municipality invites only Electronic Bids From Nepalese Eligible Bidders for the construction of following Project under National Competitve Bidding Procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Narayan Municipality , Office of the Municipal Executive,Dailekh or may Visit PPMO website www.bolpatra.gov.np/egp.

| S. N. | Name of the project | Contract Identification no. | Estimated Amount (Exclusive VAT) | Bid Security Amount | Bid Price | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1. | Health post Building Construction work at ward no. 4 | NCB/NM/076-077/Works/11 | 3284652.05 | 1,00,000 | 3000 | 2076 Chaitra 23, 12M00 Noon |

**Chief Administrative Officer**



**साउदीमा रोजगार** | कम्पनी : LAUNDRY ART LAUNDRY TO WASH CLOTHES | शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७६/११/२२ चलानी नं.: ६०१५३०४६ LT. No.: 234697

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labaor | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ३० गते (13 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**गौरी शंकर ओभरसिज प्रा. लि.**
चण्डोल-४, काठमाडौं, नेपाल, फोन: ४४१८३५३, ४४१८३०३
E-mail : info@gsoverseas.com.np, Web.: www.gsoverseas.com.np
श्रम इजाजत नं. ५५८/०६२/०६३



**साउदीमा रोजगार** | १. कम्पनी : ROKAYA ABDULAZIZ ALMANSOR FACTORY. | शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/२२ चलानी नं.: ६०१५३०७१ LT. No.: 230429

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Of Whole Vehicles | 9 | 0 | सम्बन्धित काममा दक्ष | 2600 | ८०,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Car Mechanic | 1 | 0 | | 1200 | ३७,३६८ | | | | | | | |
| 3. | Laburer | 7 | 0 | | 1000 | ३१,१४० | | | | | | | |

२. कम्पनी : MAMDOOH AL HARBI. शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/२२ चलानी नं.: ६०१५३०७२ LT. No.: 230436

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 3 | 0 | स. काममा दक्ष | 1500 | ४६,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ३० गते (13 March 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**पंगेनी ह्युमन रिसोर्स प्रा. लि.**
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ०१-४३८६६००, ४३८६२०४
Email: pangeni25june2009@yahoo.com, Website: www.panganihumanresource.com

### सेना भित्रको भ्रष्टाचारको छलफलमा

# रक्षामन्त्री र प्रधानसेनापति नआएपछि बैठक स्थगित

**काठमाडौं/मस–** नेपाली सेना भित्रको भ्रष्टाचारको छलफलमा रक्षामन्त्री ईश्वर पोखरेल र प्रधानसेनापति पूर्णचन्द्र थापा अनुपस्थित भएपछि सांसदहरुले आपत्ति जनाउँदा संघीय संसद प्रतिनिधिसभा अर्न्तगतको राज्य व्यवस्था तथा सुशासन समितिको बिहीबारको बैठक स्थगित भएको छ ।

बैठकमा सांसदहरुले सेनाभित्रको भ्रष्टाचारको छलफलमा रक्षामन्त्री र प्रधानसेनापति अनुपस्थिति भएको भन्दै आपत्ति जनाएपछि समिति सभापति शशी श्रेष्ठले बैठक स्थगित गरेकी हुन् । उनले अर्को बैठकमा अनिवार्य उपस्थित हुने सन्देश मन्त्री समक्ष पुऱ्याइदिन रक्षा सचिव रेश्मीराज पाण्डेलाई निर्देशन समेत दिइन् । उनले भनिन्, 'माननियहरुले उठाउनुभएको विषयहरुको सन्देश सहित अर्को बैठमा उपस्थित हुने गरेर आजको यो बैठक स्थगित गर्दछु ।'



बैठकमा सांसद अमरेशकुमार सिंहले सेना भित्रको भ्रष्टाचार सम्बन्धमा बोलाइएको छलफलमा रक्षामन्त्री र प्रधानसेनापति अनुपस्थित भएको भन्दै समितिको मर्यादामाथि प्रहार भएको बताए । उनले नेपाली सेनाको तर्फबाट समेत प्रधानसेनापति नै जवाफदेही हुने भएकाले अन्य प्रतिनिधिको जवाफ आफुले नसुन्ने बताए । उनले भने, 'लोकतान्त्रिक प्रणालीमा पार्लियामेन्ट्री सिस्टममा मन्त्री नआइकन छलफलको औचित्य छैन र ब्रिफिङ पनि चिफले नगरीकन अन्यको त्यति महत्व हुँदैन ।'

उनले सरकारले नेपाली सेनालाई ठेकेदार बनाउन खोजेको हो की सेनाको गरिमा कायम राख्न खोजेको हो भन्ने प्रश्नको जवाफ दिनुपर्ने बताए । त्यस्तै संसदलाई जवाफ दिने हैसियत सचिवलाई नभएको भन्दै पोर्टोकलको ख्याल राख्न समेत माग गरे । उनले भने, 'हामी नेपाली सेनालाई ठेकदार बनाउन खोजेका छौं की नेपाली सेना बनाउन खोजेका छौं त्यो प्रश्न छ । सरकारले जवाफ दिनुपर्छ । सरकार नै छैन भने कसले जवाफ दिने । सचिवज्युको हैसियत होइन जवाफ दिने । संसदलाई जवाफ दिन सचिव को हैसियत पुग्दैन । त्यो पोर्टोकलको पनि कुरा हुन्छ । त्यसकारणले सचिवजीको जवाफ म सुन्ने पक्षमा छैन । बोलेर म बहिस्कार गरेर हिंडछु ।' उनले नेपाली सेना भित्रको भ्रष्टाचारले देशलाई थिलोथिलो पारेको समेत बताए ।

सांसद झपटबहादुर रावलले विभागीय मन्त्री र सेनाको प्रमुख बिना भ्रष्टाचार जस्तो गम्भीर विषयमा छलफल अगाडि बढ्न नसक्ने बताए । उनले संसदको गरिमा र महत्वलाई बेवास्ता गरेको र बैठकमा बोलेका कुरा सुन्ने व्यक्ति नै नभएको अवस्थामा छलफल स्थागित गर्नुपर्ने बताए । उनले भने, 'सबैभन्दा पहिले सम्बन्धित विभागीय मन्त्रीज्यू र सेनाको प्रमुखको उपस्थिति बेगर यो बैठक अगाडि बढाउने कुरामा म असहमत छु । मिनि संसदको गरिमा यसको महत्वलाई बेवास्ता गरेको भन्ने मेरो बुझाई छ ।'

सांसद डिला संग्रौलाले नेपाली सेना भित्र अझैपनि आर्थिक र नीतिगत भ्रष्टाचार हुनेवाला छ भन्ने विषय आएकाले यसमा सम्बन्धित मन्त्रालय र नेपाली सेनाले स्पस्ट पार्नुपर्ने बताइन् ।

सांसदहरुले अख्तियारले हेर्न मिल्दैन भन्दै सेनाभित्र ठूलाठूला अनियमितताहरु हुने गरेको बताए । नेपाली सेनाभित्र भ्रष्टाचार भएको दावी गर्दै सांसद रेनुका गुरुङले उजुरी गरेपछि समितिले कार्यदल बनाई आठ महिना लगाएर अध्ययन गरेको थियो । नेपाली सेनाभित्र आर्थिक भ्रष्टाचार, अनियमितता र नीतिगत भ्रष्टाचार हुने गरेको अध्ययनले देखाएको छ । सोही प्रतिवेदन माथि छलफल गर्न बोलाइएको बैठकमा रक्षामन्त्री र प्रधानसेनापति अनुपस्थित भएपछि बैठक स्थागित भएको हो ।

# बागमती प्रदेशद्वारा प्रमको स्वास्थ्यलाभको कामना

**काठमाडौं/मस–** बागमती प्रदेश सरकारले प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्यलाभको कामना गरेको छ । प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलको अध्यक्षतामा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री ओलीलाई मिर्गौला दान गर्ने समीक्षा संग्रौलालाई धन्यवादसहित स्वास्थ्यलाभको कामना गरेको हो । बैठकले मिर्गौला प्रत्यारोपणमा संलग्न चिकित्सक टोलीलाई पनि धन्यवाद ज्ञापन गरेको सरकारका प्रवक्ता एवं प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कैलाशप्रसाद ढुङ्गेलले जानकारी दिए ।



बैठकले यस बाहेक कोरोना भाइरस संक्रमण न्यूनीकरणका लागि हात नमिलाउन तथा नमस्कार गर्न प्रदेशवासीलाई अनुरोध गरेको छ । विश्वव्यापीरूपमा फैलिएको कोरोनाको संक्रमणबाट बच्न सरकारले जनचेतनामूलक कार्यक्रमलाई पनि निरन्तरता दिने भएको छ । विश्व स्वास्थ्य संगठनले नेपाललाई समेत कोरोना भाइरस संक्रमणको उच्च जोखिममा रहेको मुलुकको रुपमा जनाएपछि प्रदेश सरकारले यसका लागि प्रदेश मातहतका सबै अस्पतालमा छुट्टै उपचारकक्ष निर्माण गरिसकेको समेत जनाएको छ । प्रदेश सरकारले धेरै व्यक्ति भेला भएर गरिने कार्यक्रम नगर्नसमेत अनुरोध गर्ने निर्णय गरेको छ ।

बैठकले प्रदेश सरकारका लागि आवश्यक पर्ने विभिन्न संरचना निर्माण गर्नका लागि हेटौँडा सिमेन्ट उद्योगको खाली रहेको जग्गा उपलब्ध गराइदिन नेपाल सरकारलाई आग्रह गर्ने निर्णयसमेत गरेको मन्त्री ढुङ्गेलले जानकारी दिए । यसैगरी प्रदेश सूचनाको हकसम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेशसभामा पेश गर्न स्वीकृत दिने, चालू आर्थिक वर्षका लागि प्रदेश विषेश अनुदानतर्फका थप योजना स्वीकृत गर्ने निर्णय गरेको छ ।

यस्तै सरकारले यसअघि साझा यातायात सहकारी संस्था लिमिटेडमा शेयर लगानी गर्नेसम्बन्धी निर्णय खारेज गर्ने निर्णय गरेको छ । साझा यातायात सहकारी संस्थासँग मिलेर बस सञ्चालन गर्ने भनिए पनि सहमतिअनुसार काम नभएकाले सहमति खारेज गरिएको मन्त्री ढुङ्गेलले जानकारी दिए ।

# जबजको उपदेयता अझै रहेको छ : नेता नेपाल

**काठमाडौं/मस–** नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का वरिष्ठ नेता माधवकुमार नेपालले जनताको बहुदलीय जनवाद (जबज)को उपदेयता अझै रहेको बताएका छन् । मदन भण्डारी फाउण्डेशनले बिहीबार काठमाडौंमा आयोजना गरेको 'मदन भण्डारी छलफल शृंखला- ५' अन्तर्गत 'नेपाली कम्युनिष्ट आन्दोलनमा जनताको बहुदलीय जनवाद' विषयकको छलफल कार्यक्रममा उनले जबजको नामकरण गर्न आफ्नो पनि भूमिका रहेको उल्लेख गर्दै जबजले पार्टी, समाज र राज्यसत्ता सञ्चालनमा भूमिका खेल्ने बताए ।



उनले कतिपयले जबजलाई मार्क्सवादको विचलन भनी लगाएको आरोप आफूले सुन्ने गरेको बताउँदै जबजलाई पार्टी संगठन सुदृढीकरण र वैचारिक पक्षमा उभ्याउनुपर्नेमा जोड दिए । मदन भण्डारीले कम्युनिष्ट आन्दोलनमा दिएको योगदान अविस्मरणीय रहेको बताउँदै उनले पार्टी एकतापछि जबज र २१औँ शताब्दीको जनवादबाट नै नयाँ पार्टीको सिद्धान्त बनाइने जानकारी दिए ।

जबजले नै राजनीतिक क्रान्ति सफल पार्न भूमिका खेलेको हो भन्दै पूर्वप्रधानन्त्री नेपालले क्रान्तिबाट प्राप्त उपलब्धिलाई सुदृढ गरेर समाजवादको आधार तयार गर्नु अहिलेको आवश्यकता रहेको धारणा व्यक्त गरे । 'समाजवाद नै अहिलेको ध्येय हो । त्यसैले समाजवादका लागि पूर्वाधार निर्माण गर्नुपर्छ,' उनले भने ।

कार्यक्रममा फाउण्डेशनका अध्यक्ष उषाकिरण भण्डारीले जबजको दस्तावेजीकरण गरी नयाँ पुस्तालाई जानकारी गराउनका लागि कार्यक्रम आयोजना गरिएको बताए । गत भदौदेखि शुरु गरिएको शृंखलाबद्ध छलफलमा नेकपा सचिवालय सदस्य वामदेव गौतम, नेता मोदनाथ प्रश्रित, प्रदीप नेपाल र मुकुन्द न्यौपाने सहभागी भइसकेका छन् ।

# राष्ट्रिय युवा परिषद्को ४ वर्षे कार्यकालको प्रगति विवरण सार्वजनिक

**काठमाडौं/मस-** राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष माधवप्रसाद ढुङ्गेलले चारवर्षे कार्यकालको प्रगति विवरण सार्वजनिक गरेका छन् । उनले चार वर्षमा 'नमुना युवा संसद्' गठन मुख्यरुपमा लिएका छन् । सोह्र देखि २४ वर्षका युवालाई संसदीय अभ्यासबाट हरेक क्षेत्रमा नेतृत्व विकास गर्न परिषद्ले आर्थिक वर्ष २०७४/०७५ बाट नमूना युवा संसदको अभ्यास गर्न थालिएको हो । हालसम्म ९१ स्थानीय तह, सात प्रदेश र एक सङ्घीय तहमा गरी जम्मा ९९ तहमा नमूना युवा संसद्को अभ्यास गरिएको उपाध्यक्ष ढुङ्गेलले जानकारी दिए ।



एक वडा एक युवा क्लब र एक उद्यम कार्यक्रम तथा राष्ट्रिय युवा सञ्जाल गठन तथा परिचालनको कार्यढाँचा, युवामैत्री स्थानीय तह निर्माण गर्ने कार्यढाँचा प्रगतिमा उनले उल्लेख गरेका छन् । यसैगरी एक हजार २२३ वडामा वडास्तरीय युवाक्लब गठन गरी युवाको नेतृत्व विकास गरिँदै आइरहेको छ । युवा सम्बद्ध ४३९ सङ्घसंस्था युवा परिषद्मा आबद्ध भई युवा लक्षित कार्यक्रममा समन्वय र सहकार्यको वातावरण निर्माण गरिएको प्रगति विवरणमा उल्लेख गरिएको छ ।

बाध्यताबस विदेशिने युवाको संख्या पाँच वर्षअघि प्रतिवर्ष पाँच लाख ३८ हजार रहेकामा हाल त्यो संख्या न्यूनीकरण भई तीन लाख २३ हजारमा झरेको अवस्था छ । युवा परिषद्का युवालक्षित विभिन्न कार्यक्रमले स्वदेशमा नै स्वरोजगार बनाएकाले विदेश जाने युवाका संस्था घटेको उनले बताउँछन् । परिषद्कै आर्थिक वर्ष २०७३/०७४ मा ९९.३८ प्रतिशत भौतिक र वित्तीय ७९.४२ प्रतिशत, आव २०७४/०७५ मा ११०.७७ प्रतिशत भौतिक र ८१.३२ प्रतिशत वित्तीय तथा आव २०७५/०७६ मा १०५ प्रतिशत भौतिक र ७८.९५ प्रतिशत वित्तीय प्रगति रहेको उल्लेख गरिएको छ ।

ढुङ्गेलले आफ्नो कार्यकालमा युवाको अन्तर्राष्ट्रिय सूचकमा प्रगति भएको उल्लेख गरेका छन् । सन् २०१० मा अन्तर्राष्ट्रियरुपमा नेपाल १४५औँ स्थानमा रहेकामा सन् २०१९ मा ६८ देशलाई उछिनेर ७७औँ स्थानमा स्तरवृद्धि गरेको छ ।

**दुई अन्तर्राष्ट्रिय अवार्ड**

ढुङ्गेलले आफ्नो कार्यकालम दुई अन्तर्राष्ट्रिय अवार्डसमेत पाएको बताए । परिषद्का कार्यकारी उपाध्यक्ष विश्व युवा पुरस्कार-२०१८ बाट सम्मानित भएका थिए । यस्तै नेपालको संविधान युवामैत्री भएकाले विश्व व्यवस्थापिका सङ्घबाट सन् २०१८ को फ्युचर पोलिसी अवार्डअन्तर्गत नेपाललाई सिल्भर अवार्ड प्राप्त भएको उपाध्यक्ष ढुङ्गेलले जानकारी दिए ।

यसैगरी संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय मानवअधिकार युवा फोरम-२०१७ मा परिषद्का कार्यकारी उपाध्यक्ष ढुङ्गेलबाट अतिथि वक्ताका रुपमा सम्बोधन गरिएको कुरालाई पनि प्रगतिमा उल्लेख गरिएको छ । परिषद्कै अगुवाइमा नवप्रवर्द्धन केन्द्र स्थापना गरिएको छ । विराटनगरमा प्रदेश नं १ को सामाजिक विकास मन्त्रालयसँग सहकार्य गरेर परिषद्ले युवाको प्रतिभालाई प्रस्फुटन गराई स्वरोजगार गराउन प्रवर्द्धन केन्द्रको स्थापना गरेको हो । केन्द्रले युवालाई केही निश्चित समयसम्म राखेर उनीहरुमा रहेको प्रतिभाअनुसार नै स्वरोजगार बनाउन सहयोगी भूमिका खेल्नेछ ।

यसैगरी काठमाडौं विश्वविद्यालय र परिषद्को साझेदारीमा काभ्रेको धुलिखेलमा नवप्रवर्द्धन खोलिन थालिएको छ । उपाध्यक्ष ढुङ्गेलले परिषद्कै पहलमा युवालाई मुलुकमा नै स्वरोजगार बनाउन सहुलियपूर्ण कर्जा ल्याइएको जानकारी दिए । अहिले सो कर्जाबाट करिब २२ हजार युवाले रु दुई लाखदेखि रु एक करोडसम्म सहुलियतपूर्ण कर्जा पाएर कृषि, पर्यटन, उद्योग र व्यापार व्यवसाय गरिरहेका छन् ।

अहिले युवा ४०.३५ प्रतिशत रहेका छन् । स्थानीय तहमा १३ हजार ८९३, प्रदेश तहमा १३० र प्रतिनिधिसभामा ३६ युवा सांसद रहेका छन् । युवाको साक्षरता प्रतिशत वृद्धि भई पुरुष ८५ प्रतिशत र महिला ८१ प्रतिशत पुगेको छ । युवामा उद्यमशीलता र व्यावसायिक सोचको विकास भई स्वदेशमा नै स्वरोजगार हुनेको संख्या वृद्धि भएको छ ।

सरकारले २०७२ सालमा युवा विकास, सशक्तीकरण एवं मूल प्रवाहीकरणसम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने, युवालाई राष्ट्र निर्माणमा सहभागी हुन तथा मुलुक निर्माणमा केन्द्रित भई अघि बढ्न उत्प्रेरित गर्न परिषद् गठन गरिएको हो । विसं २०७२ फागुन १९ गते मन्त्रिपरिषद्को निर्णयबाट तत्कालीन सरकारले परिषद्को उपाध्यक्षमा ढुङ्गेललाई चार वर्षका लागि नियुक्ति गरिएको हो । युवालक्षित कार्यक्रम एकद्वार प्रणालीबाट सञ्चालन नहुनु, युवाका कार्यक्रम कम प्राथमिकतामा पर्नु चुनौती रहेको परिषद्का उपाध्यक्ष ढुङ्गेलले जानकारी दिए ।

प्रदेश र जिल्ला तहमा परिषद्को संरचना नहुँदा कार्यक्रम कार्यान्वयन तथा समन्वयमा समस्या, स्थायी दरबन्दीको कर्मचारीको अभाव र सधैं काजमा ल्याई कामकाज गराउनुपर्ने अवस्था युवा क्षेत्रमा ०.५ प्रतिशतभन्दा पनि कम बजेट विनियोजन हुनु, राष्ट्रिय युवा परिषद्को कार्यक्षेत्र व्यापक हुँदै जानु तर बजेटको आकार क्रमशः घट्दै गएको अवस्था, युवा परिषद् ऐन संशोधनको विषय टुङ्गो लाग्न नसक्नु समस्या रहेको उनको भनाइ छ ।

उनले चालू आवमा युवाको नेतृत्व क्षमता विकास र स्वयंसेवकीय कार्यमा युवा परिचालन गर्ने मुख्य निकायका रुपमा रही न्यूनतम् १० हजार युवालाई नेतृत्व क्षमता विकास तालिम प्रदान गरिने र स्थानीय वडास्तरीय युवा क्लब, गाउँ र नगर युवा क्लब सञ्जाल, प्रदेश युवाक्लब सञ्जाल र सङ्घीय युवा क्लब सञ्जालबाट गरी कूल १० लाख युवा परिचालन गरिने जानकारी दिए ।

# गाँजा सम्बन्धी विधेयक पारित भए अनशन बस्ने कार्कीको चेतावनी

**काठमाडौं/मस–** विश्वभूमि भक्त होम बहादुर कार्कीले नेपालमा कुनैपनि हालतमा गाँजा खेति खुला गर्न नहुने भन्दै सांसदहरुलाई गाँजा खुला गर्ने विधेयक कुनैपनि हालतमा पारित नगर्न सुझाव दिएका छन् । बिहीबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलनको आयोजना गर्दै कार्कीले नेपालको सामाजिक परिवेश, धर्म, संस्कृतिका कारण पनि गाँजा खुला गर्न नहुने तर्क गरे । 'यदि आर्थिक लोभ र लाभका कारण गाँजा खेति खुला गरिए नेपालको अवस्था दयनीय र बर्वाद हुन्छ,' उनले भने ।



गत सोमबार प्रतिनिधिसभामा पूर्वकानूनमन्त्री शेरबहादुर तामाङले 'गाँजा खेतीलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक' दर्ता गरेपछि कार्कीले यस्तो आपत्ति जनाएका हुन् । उनले यो विधेयक पारित भए नेपाल र नेपालीहरुको भाग्य र भविष्यमाथि ठूलो खेलबाड हुने समेत बताए । उनले यो विधेयक संसदबाट फिर्ता नलिए आफू आमरण अनशनमा बस्न बाध्य हुने समेत चेतावनी दिए ।

गाँजा खुला गरिए युवायुवतीहरुको भविष्यमाथि नै आक्रमण हुने उनको तर्क छ । 'छिमेकी भक्तहरुलाई गाँजा सेवन गराएर डलरमा पैसा लुट्ने हाम्रो संस्कृति होइन, त्यसैले पैसा कमाउने लालसा त्यागौं । हाम्रा युवायुवतीहरुको सुन्दर भविष्यको लागि पनि गाँजा खुला गर्ने कुरा घातक छ,' उनले भने ।

यदि जबरजस्ती बहुमतको आधारमा पेलेर विधेयक पारित गरिए यसअघि गाँजा सेवन तथा गाँजासँगै जोडिएर पक्राउ परेका र हाल कैदी जीवन जिउन बाध्य भएका सम्पूर्णलाई रिहाई गर्नुपर्ने पनि उनको माग छ । उनले भने, 'यदि उनीहरुलाई रिहाई नगर्ने हो भने कैदीका आमाबुवाहरु सडकमा उत्रिनेछन् । यसतर्फ पनि सरकारले बेलैमा सोचोस् ।'

उनले पटक-पटक चुनावमा हारेका व्यक्तिहरुलाई पूनः सांसद बनाउनको लागि संविधान नै संशोधन गर्न खोज्नु निन्दनीय भएको भन्दै त्यस्तो गलत र बालहठ त्याग्नको लागि सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई आग्रह गरेका छन् ।

संसदमा दर्ता भएको प्राईभेट विलमा गाँजा खेती गर्नका लागि १८ वर्ष पुगेको हुनुपर्ने र बिक्री गर्न २१ वर्ष पुगेको हुनुपर्ने उल्लेख छ । विधेयकमा गाँजा खेतीलाई औषधि निर्माण, वैज्ञानिक अनुसन्धान तथा यस्तै अन्य खाद्य, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि समेत गुणस्तरीय गाँजा उपलब्ध गराउन नेपालमा गाँजा खेतीलाई खुला गर्न तथा यसको माध्यमबाट कृषकको आर्थिकस्तर बढाउने उद्देश्यले नियमन तथा व्यवस्थित गरिने उल्लेख छ ।

# स्काभेटरको ठक्करबाट बालिकाको मृत्यु

**सप्तरी/मस–** सप्तरीको राजगढ गाउँपालिका-५ मलेखपुरमा स्काभेटरको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा भारतको बङ्गाल खरिजाबाग बथरी ग्राम घर भएका इरसाद अलीकी १५ वर्षीया छोरी अलमिनिया खातुन रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायक उपरीक्षक तिलक भारतीले बताए ।

बालिकाका बुबा एमआरडी इँटा उद्योगमा काम गर्दै आएका थिए । सोही इँटा उद्योगमा काम गर्ने नम्बर नखुलेको स्काभेटरले बालिकालाई ठक्कर दिएको थियो । ठक्करबाट घाइते बालिकालाई उपचारका लागि राजविराजस्थित गजेन्द्र नारायणसिंह अस्पताल ल्याउँदै गर्दा बीच बाटोमा नै मृत्यु भएका प्रहरीले जनाएको छ ।

# जन्ती बस दुर्घटना हुँदा ४ जनाको मृत्यु

**मकवानपुर/मस-** मकवानपुरगढी गाउँपालिका-२ स्थित शिखरकटेरीमा बुधबार साँझ भएको जन्ती बस दुर्घटनामा परी चार जनाको मृत्यु भएको छ । दुर्घटनामा परी तीन जनाको घटनास्थलमा र एक जनाको पुरानो मेडिकल कलेज भरतपुर चितवनमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक सुशीलसिंह राठौरले जानकारी दिए ।


मृत्यु हुनेहरुमा मकवानपुरगढी-७ का सोमबहादुर मोक्तान, सोही ठाँउ बस्ने सोमबहादुर रुम्बा र सुरज ल्हो रहेका छन् । दुर्घटनाबाट मोक्तान र रुम्बाको घटनास्थलमा नै तथा ल्होको पुरानो मेडिकल कलेज भरतपुर चितवनमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाइएको छ ।

प्रहरीका अनुसार घटनास्थलमा नै मृत्यु भएका अर्का एक जनाको भने सनाखत हुन सकेको छैन । उपचारका लागि अस्पताल भर्ना भएका ४९ जनामध्ये २६ जनाको अवस्था सामान्य भएकाले उनीहरुलाई घर फर्काइएको र अन्यको हेटौँडा अस्पताल, चुहेहिल अस्पताल र पुरानो मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको प्रहरीले जनाएको छ । बुधबार साँझ मकवानपुरगढी-१ घट्टेपाखोबाट जन्ती बोकेर सुकौरा जाँदै गरेको ना३ख ३५५६ नंको बस शिखरकटेरीको गैरीभञ्ज्याङ दुर्घटना भएको थियो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.

Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449

Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# काँग्रेस कलह

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसको महत्वपूर्ण मानिने विभाग केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले ७७ जिल्ला र ६ हजार सात सय ४३ वटै वडामा प्रशिक्षण चलाउने निर्णय गरेको छ। प्रशिक्षणका लागि दश हजार प्रशिक्षक तयार पार्ने निर्णय समेत केन्द्रीय कार्यालयबाट बुधबार जारी विज्ञप्तिमा उल्लेख छ। केन्द्रीय मूख्यालय सानेपामा उपसभापति विमलेन्द्र निधिको सभापतित्वमा यस्तो निर्णय भइरहँदा पूर्वमहामन्त्री प्रकाशमान सिंहको निवास चाक्सीबारीमा भने छुट्टै बैठक चलिरहेको थियो। बरिष्ठ नेता रामचन्द्र पौडेल पक्षका नेताहरूको चाक्सीबारी बैठकले प्रतिष्ठानको नामबाट हुने प्रशिक्षण बहिष्कार गर्ने निर्णय गरेको छ।

निधिले बोलाएको जिल्ला उपसभापतिहरूको भेला समेत पौडेल पक्षबाट बहिष्कार गरिएको थियो। चाक्सीबारी बैठकलाई सम्बोधन गर्दै बरिष्ठ नेता पौडेलले कम्युनिष्टबाट देश र सभापति शेरबहादुर देउवाबाट काँग्रेसको कब्जा हुने डर भएकाले देशभर बहिष्कारको नीति लिनुपर्ने उद्घोष गरेका छन्। सभापति निकट निधिले कार्यक्रम घोषणा गरेको र बरिष्ठ नेता पौडेल पक्षले बहिष्कारको घोषणा गरेकाले काँग्रेस कलह स्थानीय तहसम्मै पुग्ने देखिन्छ। किनभने, सभापति देउवाले कार्यक्रम स्थगित गर्ने अथवा पौडेल पक्षले सहभागिता जनाउनुलाई अब प्रतिष्ठाको विषय बन्ने पक्का छ। १४औं महाधिवेशनको मिति निश्चित भइसकेका बेला यस्तो बातावरण बन्नु स्वभाविक नै हो।

गएको पुस ११ गते केन्द्रीय कमिटीको बहुमतबाट घोषणा गरिएको महाधिवेशनको मितिमा सहमति जनाएको पौडेल पक्षलाई देउवाकै थप अर्को निर्णयले बिच्क्याएको छ। फागुन १७ र १९ गते सभापति देउवाले एक्लौटी रूपमा २० नेतालाई केन्द्रीय विभागको जिम्मेवारी दिएका छन्। पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलालाई साथमा लिएर सभापति देउवाले विभागीय प्रमुख तोकेपछि पौडेल पक्षले भने पार्टी कब्जा गर्न खोजेको आरोप लगाएको छ। हुन पनि २० मध्ये एक जना सिटौला निकटका छन् भने पौडेल पक्षीय नेतालाई छुटाएर महत्वपूर्ण विभागमा प्रमुख तोकिएका छन्।


महाधिवेशन सम्पन्न भएको ६ महिनाभित्र गठन गरिसक्नुपर्ने पार्टी विधान भएपनि चार वर्ष पछाडि एक्लौटी रूपमा देउवाले विभागीय प्रमुख तोकेका छन्। यसले पौडेल पक्षलाई झस्काएको बुझ्न सकिन्छ। निस्चय नै महाधिवेशनबाट निर्वाचित भएकाले देउवालाई पार्टी निर्णय लिने अधिकार हुन्छ। तर, सभापतिले गर्ने निर्णयकै कारण पार्टी बन्धक हुने, ध्रुबीकृत हुने र यसको असर संसद र समाजमा पर्ने हुनु उपयुक्त होइन। सभापतिको दायित्व पार्टीलाई मिलाएर अगाडि बढ्ने नै हो।

## सामाजिक सञ्जाल



कोरोना भाइरसको संभावित खतराकाबारेमा सचेत हुनु स्वाभाविक नै हो। तर,आवश्यकता भन्दा बढी प्रचार प्रसार र प्रतिक्रियाले जनमानसमा आतङ्क सिर्जना हुने तर्फ सचेत हुन आवश्यक छ। उपभोग्य वस्तुको कालाबजार र महङ्गी शुरू भैसकेको छ। आममानिसमा गजबको सन्त्रास फैलिसकेको छ। यसतर्फ सरकार गम्भीर होस्।

**- भीमार्जुन आचार्य**



कोरोना भाईरसले पैसावालालाई पनि त छोडदैनन होला। अनि यो कालोबजारी गरेर लुटेको सम्पति के काम?? परेको बेलामा सेवा गर्नु पर्नेमा मास्क पनि लुकाएर दश गुणा धेरै पैसामा बेच्दा अलिकति पनि हिनताबोध हुदैन होला??

**- सुमिता**



आ ओ एमको मिर्गौला प्रत्यारोपण टिमलाई बधाई। हुन त यो सफलता १०/१२ देखिकै हो। ४/५ महीनादेखि प्रत्यारोपणको पर्खाईमा बसेका नागरिक तमाम छन। उनीहरूलाई पनि यस्तै गुणस्तरीय सेवा पुग्ने सुनिस्चितता कहिले होला ! देश सबैको हो र गुणस्तरीय सेवा पाउने हक सबैको हुनु पर्ने हो। जय होस।

**- कृष्ण घिमिरे**



अवस्था हेर्दा यस्तो बुझिन्छ कि कोरोना को एक मात्र 'एन्टी डोज' मास्क हो र यो लगाउन पाए सबै समाधान हुन्छ रोग र हल्लाको 'अर्थशास्त्र' भनेको यही होला सायद !

**- निर्मला ढकाल**

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला। समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं। कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# लोकतन्त्रमा पहरेदारी आवश्यक



■ प्रकाश पोखेल

"मुलुकमा बलियो सरकार छ। कम्युनिस्ट पार्टीको भए पनि यो कम्युनिस्ट व्यवस्थाको सरकार होइन। तर, कार्यशैली हेर्दा भने अधिनायकवादी कम्युनिस्ट चरित्र सरकारमा देखिन थालेको छ।

नागरिकको उत्साहजनक सहभागिताबाट नै नेपालमा विभिन्न राजनीतिक परिवर्तन भएका छन्। राणाहरुको हुकुमी शासनविरुद्ध आवाज उठाएकै कारण मारिएका दशरथ चन्द, गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा, शुक्रराज शास्त्रीजस्ता वीर सपुतहरुलाई हामीले श्रद्धापूर्वक सहिदको सम्मान दिएका हौं।

प्रजातन्त्र प्राप्तिका लागि बलिदान दिने वीर सपुतहरुको सम्झनामा गरिने जयजय कारमा पहिला पहिला जुन उत्साह भरिएको हुन्थ्यो त्यो अहिले सेलाउँदै गएको छ। सहिद शब्दलाई नै अपव्याख्या गर्नेगरी राज्यले दुर्घटनामा मृत्यु हुनेहरुलाई पनि सहिदको दर्जा दिन थालेपछि यो शब्दप्रति वितृष्णा आउनु स्वाभाविकै हो। सडक दुर्घटनामा मृत्यु हुनेसमेतलाई दस लाख रुपैयाँ उपलब्ध गराउनकै लागि सहिद घोषणा गरिनु राष्ट्रकै लागि लज्जाको विषय हो।

नागरिकको मुक्ति र मुलुकको समृद्धिका लागि बलिदान दिने सहिदको सपना साकार तुल्याउनु नै सहिदप्रतिको सच्चा श्रद्धाञ्जलि हुन सक्छ। प्रजातन्त्रको प्राप्ति कसरी भएको थियो र प्रजातन्त्रको आवरणमा लोकतन्त्रको हत्या गर्ने प्रपञ्च कसरी हुँदैछ भन्ने सन्दर्भमा सहिदहरुको बलिदानको स्मरण गर्दै, त्यो उत्सर्ग र यो वितृष्णा खोतल्ने कोसिस यस लेखमा गर्दै छु।

अहिले मानिस व्यक्तिगत स्वार्थ केन्द्रित भएको छ। हिजो देश, नागरिक र समाज सेवालाई सर्वोपरी ठानेर काम गर्ने प्रवृत्ति थियो। आज ठीक उल्टो व्यक्तिगत स्वार्थपूर्तिका लागि मुलुकलाई नै बन्धकी राख्न तम्सने प्रवृत्ति व्यापक हुँदैगएको छ। देश र नागरिकको हित गौण बन्दै गएको छ। शासन सत्तामा पनि सक्नेको पहुँच छ, नसक्ने अधिकारबाट वञ्चित छन्। राजनीतिमा विकृति व्याप्त छ। आफ्ना मान्छेलाई पोस्ने प्रवृत्ति, परिवारवाद र नातावाद छ। समुदायगत र जातिगतरूपमा अवसर प्रदान गर्ने प्रवृत्ति देखिन्छ। यो राम्रो अभ्यास होइन। हाम्रा पुर्खाले यस्तो नेपालको परिकल्पना गरेका थिएनन्। यस्तो शासन व्यवस्थाको सपना देखेका पक्कै थिएनन्। नागरिकका छोराछोरीको समान पहुँच, समतामूलक समाजको निर्माण गर्ने सपना बोकेका थिए, तर आज नागरिककै शासनकालमा पनि नागरिक पीडित हुनपुगे। त्यो राम्रो भएन।

शासनसत्तामा बस्ने, राजनीतिक दलका शीर्ष नेताले यस विषयमा ध्यान दिनुपर्छ। आफूलाई समयमै सच्याउनुपर्छ। हिजोको भन्दा आजको शासनबाट परिवर्तनको अनुभूति नागरिकले चाहेका थिए तर त्यो देखिएन। त्यसैले व्यवस्थाप्रति नै नागरिकको विश्वास घट्दै गएको छ।

अहिले बहुदलीय व्यवस्था छ। दलैपिच्छे विचार फरक छन्। तथापि, देश र नागरिकको हितका निम्ति सबैको समान धारणा बन्न सक्नुपर्छ। लोकतन्त्र प्राप्तिका लागि सबै दलले आफ्नो ठाउँबाट योगदान दिए। देश र नागरिकको पक्षमा सबैले काम गर्ने अठोट पनि गर्ने गरेका छन्। तर, कुरा एकातिर व्यवहार अर्कोतिर गरेर नागरिकलाई झुक्याउने कोसिस अब नगरे हुन्छ। नागरिकले अब पत्याउँदैनन्। समानता सबैमा लागू हुनुपर्छ। राज्यको अङ्गमा सबैको समान अधिकार हुनुपर्छ। कोहीले सुखभोग गर्ने, कोही नागरिक हेरेर बस्ने वातावरण बन्न दिनुहुन्न। कानुनी राज्यको प्रत्याभूति नागरिकले महसुस गर्नुपर्छ भन्ने आदर्शका मीठा शब्द लोकतन्त्र प्राप्तिपश्चात सुनिँदै आएको हो तर यसको ठीक विपरीतका कार्य नै सबै दल र सरकारका प्राथमिकतामा रहेको हुँदै आएको छ।

लोकतन्त्रमा सरकारका क्रियाकलाप भन्दा नागरिकको स्वतन्त्रताले महत्वपूर्ण अर्थ राख्छ। मानव अधिकारको सम्मान, विधिको शासन, स्वतन्त्र न्यायपालिका, वैयक्तिक तथा अभिव्यक्ति स्वतन्त्रता लोकतान्त्रिक व्यवस्थाका सूचक हुन्। लोकतान्त्रिक आवरणमा जतिसुकै नागरिक हितमा कुरा गरे पनि प्रधानमन्त्री केपी शर्मा ओलीको शैली, स्वभाव र अधिकांश अभिव्यक्तिले सर्वसत्तावादको संकेत गरिरहेको छ। संविधानतः सार्वभौमसत्ताको स्रोत नेपाली नागरिकलाई मानिए पनि स्वयं प्रधानमन्त्री र दलका शीर्षनेताका क्रियाकलापले नागरिकलाई नियन्त्रणमा राख्ने प्रयास भइरहेको संकेत गर्छ।

सर्वसत्तावादी नेतृत्वले आफ्नो व्यक्तिगत उन्नति र आफूहरूले गरेको गलत शैलीको प्रशंसालाई मात्र लोकतन्त्र ठान्छ। आफूलाई लोकतन्त्रको पहरेदार ठान्ने नेपाली कांग्रेसको नेतृत्व पनि यसबाट अछुतो छैन। निष्ठा र आदर्श पन्छाएर व्यक्तिगत व्यापारमात्र चम्काउने लोकतन्त्रको सान्दर्भिकता समाप्त हुनुपर्छ। गुटबन्दी र अधिनायकवादी प्रवृत्तिले बहुदलीय व्यवस्थालाई कमजोर बनाउँछ।

आफैँले लडेर प्राप्त गरेको लोकतन्त्र आफ्नै क्रियाकलापबाट असुरक्षित हुन्छ भने यसको पहरेदारी कसले गर्ने ? दलीय नेतृत्वको अगाडि तेर्सिएको गम्भीर प्रश्न हो यो। यतिबेलाको प्रमुख चुनौती लोकतन्त्र रक्षा गर्नु हो। लोकतन्त्रको संस्थागत विकास र स्थायित्वका लागि सम्पूर्ण लोकतान्त्रिक शक्तिहरुले पहरेदारी गर्नुपर्ने बेला आएको छ।

मुलुकमा बलियो सरकार छ। कम्युनिस्ट पार्टीको भए पनि यो कम्युनिस्ट व्यवस्थाको सरकार होइन। तर, कार्यशैली हेर्दा भने अधिनायकवादी कम्युनिस्ट चरित्र सरकारमा देखिन थालेको छ। यो सरकार गठनसँगै लोकतान्त्रिक व्यवस्थामाथि नै प्रहार हुनसक्ने जुन अडकलबाजी हुँदै आएका थिए त्यसलाई सही सिद्ध तुल्याउने दिशामा सरकारको क्रियाकलाप अगाडि बढिरहेको छ। यसैले आवरणमा लोकतान्त्रिकजस्तो देखिने तर व्यवहार कम्युनिस्ट चरित्र भएको यो सरकारको कार्यशैलीप्रति सचेत हुनुपर्ने बेला आएको छ।

लोकतान्त्रिक व्यवस्थामा महत्वपूर्ण मानिने राज्यका सम्बैधानिक अंगलाई पार्टीको प्रभावमा पार्ने र बिस्तारै तिनलाई पार्टीकरण गर्ने काम अहिले नेकपा नेतृत्वको सरकारबाट भइरहेका छन्। पछिल्लो समय अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आफू अनुकूल प्रयोग गर्ने प्रयत्नमा सरकार लागेको देखिएको छ। सरकारका गलत क्रियाकलापको खबरदारी गर्ने प्रतिपक्षी दलका नेता र सत्ता पक्षकै नेताहरुलाई सिध्याउने रणनीतिमा सरकार लागेको देखिन्छ। न्यायालयमा दलीयकरण होस् वा प्रहरी प्रशासनमा हस्तक्षेपकारी भूमिका वा निजामती कर्मचारीको पार्टीकरण यी सबै कुराले लोकतन्त्रलाई बिस्तारै कमजोर बनाउने र मुलुकलाई अधिनायकवादको बाटोमा लैजाने अभिप्राय नेकपा सरकारमा देखिन्छ। यसको सशक्त प्रतिरोध गर्दै सरकारलाई लोकतान्त्रिक मार्गमै ल्याउन नागरिक नै जाग्नुपर्ने बेला आएको छ। समाजका सबै पक्ष, वर्ग, जातजाति, भूगोल र समुदायका बीचमा सरकारको गलत कदमलाई उदाङ्गो बानाउनुपर्ने परिस्थिति पैदा भएको छ।

सरकार र राजनीतिक दलका पछिल्ला क्रियाकलाप हेर्दा लोकतन्त्रमा विश्वास राख्ने नेताहरूको चेत खुलेजस्तो लाग्दैन। नेकपाको सरकारले कांग्रेसको नेतृत्वमा बनेको लोकतान्त्रिक संविधानको मूल मर्मलाई अझै आत्मसात् गर्न सकेको छैन। संविधान र लोकतन्त्र रक्षाका लागि लड्नुपर्ने बेलामा कांग्रेस भने आन्तरिक नेतृत्व होडमा अलमलिएको छ। लोकतान्त्रिक व्यवस्था नै संकटमा पर्न थालेको बेला कांग्रेसभित्र किचलो हुनु मुलुकका लागि शुभ संकेत होइन।

लोकतान्त्रिक बहुदलीय व्यवस्थाभित्र मात्र समाजवादको व्यावहारिक प्रयोग सम्भव छ तर सरकारले प्रस्तुत गरेका पछिल्ला विधेयक हेर्दा सरकार साम्यवादी शासन व्यवस्थाउन्मुख हुन खोजेजस्तो देखिन्छ। हामीले बुझेको संविधानमा उल्लेख भएको 'समाजवाद'को अर्थ समानता हो, न्याय हो र गरिब तथा निमुखा नागरिकका लागि पनि गाँस, बास, कपास तथा स्वास्थ्य, शिक्षाजस्ता आधार भूत अधिकारको ग्यारेन्टी हो। यही संविधानबाट त्यसो गर्न सम्भव छ। त्यो बाटोमा हिँड्न संविधानले रोक्दैन। संविधानको मूल मर्म समतामूलक समाज स्थापना गर्ने हो। महिला, दलित, जनजाति, मधेसी, मुस्लिम तथा अपांगता भएका समुदाय तथा व्यक्तिको उत्थानका लागि गरिएको संवैधानिक व्यवस्था त्यसैका दृष्टान्त हुन्।

संविधानमा सामाजिक र आर्थिक अधिकारसमेत प्रस्टसँग उल्लेख गरिएका छन्। जनभावनाको कदर गर्ने आधार प्रशस्त छन्। यसलाई इमानदारीपूर्वक लागू गर्दा सामाजिक र आर्थिक अवस्थामा आमूल परिवर्तन सम्भव छ। तर सरकारले विभिन्न ऐन, नियम बनाएर संविधानलाई नै खण्डित गर्ने काम गरिरहेको छ। लोकतान्त्रिक आवरणमा संविधानको मर्मविपरीतका सरकारी गतिविधिलाई निस्तेज गर्नु आजको आवश्यकता हो। वीर सपुतहरुको बलिदानबाट प्राप्त लोकतन्त्रको पहरेदारी नागरिकले नै गर्नुपर्ने परिस्थिति पैदा भएको छ। लोकतन्त्रको कवच बनेर आआफ्नो ठाउँबाट सबै जागौं।

# जलवायु परिवर्तनको प्रभाव



विश्वनाथ खरेल

विश्वमा बढ्दै गएको जलवायु परिवर्तन विषयलाई राष्ट्रिय नीति कार्यक्रममा आन्तरिकीकरण गर्ने, जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनसम्बन्धी चेतना र क्षमता विस्तार गर्ने, हरित जलवायु कोषको उपयोग गर्ने तथा जलवायु परिवर्तनसम्बन्धी नीति कार्यक्रम कार्यान्वयन क्षमता विकास गर्ने कार्य आफैंमा चुनौतीपूर्ण छन्। वार्षिक हरितगृह ग्याँस उत्सर्जन घटाउने क्षेत्रगत उपलब्धि हासिल गर्ने विषय बढी चुनौतीपूर्ण छ। यसका लागि सबल संस्थागत आधार, क्षमता विकास र वित्तीय स्रोत प्रमुख रूपमा रहेका छन्। नेपालजस्ता अति कम विकसित देश पृथ्वीको तापक्रम १.५ डिग्रीभन्दा माथि बढ्न दिनै नहुने पक्षमा छन् भने विकसित देश २ डिग्रीसम्म पुग्दा फरक नपर्ने बताइरहेका छन्। विश्वबजारमा सौर्य ऊर्जाजस्ता स्वच्छ ऊर्जाको प्रविधिमा व्यापक विकास भइसकेको र सस्तो हुँदै गएकाले पनि विकसित देशले कोइलाजस्ता प्रदूषक ऊर्जाका स्रोतको प्रयोगलाई विस्थापित गर्न इच्छुक हुनेछन् भन्ने विश्लेषकको बुझाइ छ।

यो तथ्य पनि सम्झौताका लागि सकारात्मक संकेत हो। अर्कोतर्फ १ सय ५० भन्दा बढी देशले हरितगृह ग्याँसको उत्सर्जन घटाउने राष्ट्रिय लक्ष्यसहितको योजना राष्ट्रसंघलाई बुझाइसकेकाले पनि आशा बढेको छ। यद्यपि, उनीहरूले पेस गरेको योजना निकै अधुरो भएको भन्दै आलोचना पनि भइरहेको छ। सन् १९९४ मा स्थापना गरिएको राष्ट्रसंघीय जलवायु परिवर्तन संरचनाअन्तर्गत भएको अन्तर्राष्ट्रिय सन्धिले विकसित मुलुकहरूकै कारण जलवायु परिवर्तनको समस्या सिर्जित भएकाले उनीहरूले नै हरितगृह ग्याँसको उत्सर्जन घटाउन नेतृत्वकारी भूमिका खेल्नुपर्ने र अति कम विकसित तथा विकासोन्मुख देशलाई जलवायु परिवर्तनबाट परेका समस्यासँग जुध्न आवश्यक आर्थिक सहयोग पनि गर्नुपर्ने उल्लेख छ। त्यसलाई सो सम्झौताको आधारभूत सिद्धान्तका रूपमा राखिएकाले चीन र भारतलगायतका देशले त्यसैलाई औजारका रूपमा प्रयोग गरिरहेका छन्। तर, गत डेढ दशकमा चीन र भारतले हरितगृह ग्याँसको उत्सर्जनमा विकसित देशलाई समेत उछिनिसकेको अवस्थामा उनीहरूले पनि कटौतीको हिस्सा लिनुपर्ने अडानमा धनी मुलुक रहेका छन्।

विश्वमा हाल हेर्ने हो भने एकातिर विकसित देश आफूले मात्रै उत्सर्जन घटाउन सहमत छैनन् भने मुखले हुन्छ भने पनि अति कम विकसित र विकासोन्मुख देशलाई जलवायु परिवर्तनका समस्यासँग जुध्न चाहिने आर्थिक सहयोग गर्न पूर्ण तयार पनि छैनन्। सन् १९९२ मा विश्वभरिका नेता भेला भएर ब्राजिलको रियो दि जेनिरियो सहरमा जलवायु परिवर्तन यो शताब्दीकै सबैभन्दा ठूलो समस्याका रूपमा देखिएकाले त्यसलाई समाधान गर्न विश्वव्यापी सम्झौताको आवश्यक रहेको भन्दै राष्ट्रसंघमा जलवायु परिवर्तन हेर्ने छुट्टै निकाय स्थापना गर्ने निर्णय गरेका थिए। सन् १९९४ मा त्यस्तो निकाय स्थापना गरियो तर वार्ता सुरु भएको १९ वर्षभन्दा बढी भइसक्दा पनि विश्वका नेता हरितगृह ग्याँस उत्सर्जन कटौती गर्ने विश्वव्यापी सम्झौता गर्न सफल भएका छैनन्। विश्वभरिका ९७ प्रतिशत वैज्ञानिकले पृथ्वीको तापक्रममा वृद्धि भइरहेको र त्यसको कारण वायुमण्डलमा जम्मा भएको कार्बनडाइ अक्साइडजस्तो हरितगृह ग्याँस भएकाले त्यसको उत्सर्जन व्यापक रूपमा कटौती गर्न बारम्बार आग्रह गरेका छन्। जटिल विश्वराजनीति र विकासोन्मुख तथा विकसित देशहरूबीचको आर्थिक विकासको होडबाजीमा त्यस्तो सम्झौता हुन सकिरहेको छैन।

झट्ट हेर्दा जलवायु परिवर्तन वातावरणीय मुद्दाजस्तो देखिए पनि यो राजनीतिक र आर्थिक मुद्दा भइसकेको छ। विकास गर्ने क्रममा पश्चिमा मुलुकले कोइला र पेट्रोलियम पदार्थको व्यापक प्रयोग गरे, जसका कारण वायुमण्डलमा कार्बनडाइअक्साइड ग्याँसको मात्रा चाहिनेभन्दा बढी हुन गयो र त्यसले पृथ्वीको तापक्रम वृद्धि गर्न सहयोग गर्‍यो। विगत केही दशकमा विकासको क्रम विकासोन्मुख देशमा पनि बढ्दो छ र पेट्रोलियम पदार्थको प्रयोग पनि बढिरहेको छ। सन् ९० को दशकमा अमेरिका विश्वकै सबैभन्दा ठूलो हरितगृह ग्याँस उत्सर्जन गर्न देश थियो भने अहिले चीनले उसलाई उछिनिसकेको छ।

नेपालको उत्तरी छिमेकी चीन पहिलो स्थानमा उक्लिएको छ भने दक्षिणी छिमेकी भारत चौथो स्थानमा छ। यसरी आर्थिक विकासको गति लिइरहेका अर्थतन्त्रलाई यसैगरी उकालो लाग्न दिने पक्षमा पश्चिमा राष्ट्र छैनन्। विकास गर्ने अधिकारलाई लगाम लगाउन जलवायु परिवर्तनलाई अस्त्रको रूपमा पश्चिमा मुलुकले प्रयोग गर्न खोजेको आशंका चीन, भारतलगायतका विकासोन्मुख देशको छ। यही आशंका सम्झौता नहुनुको मुख्य कारणका रूपमा रहँदै आएको छ।

अन्यमा भन्नुपर्दा जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिक तथ्यहरूको अध्ययन गर्न स्थापना गरिएको इन्टर गभर्नमेन्टल प्यानल अन क्लाइमेट चेन्जले सन् १८८१ देखि २००२ सम्ममा पृथ्वीको औसत तापक्रम झन्डै १ डिग्री बढिसकेको बताएको थियो भने त्यसलाई रोक्न आवश्यक विश्वव्यापी पहल तुरुन्तै नगरिए जलवायु परिवर्तनका कारण विश्वले ठूलो विनासको सामना गर्नुपर्ने चेतावनी दिइसकेको छ। सन् १८५० यता विगत ३ दशक सबैभन्दा तातो दशकका रूपमा देखिएको वैज्ञानिक बताउँछन् भने ८ लाख वर्षयताकै सबैभन्दा धेरै हरितगृह ग्याँस अहिले वायुमण्डलमा जम्मा भएको उनीहरूको दाबी छ। वैज्ञानिकले सन् २००९ मै विश्वव्यापी सम्झौता भइसक्नुपर्ने बताएका थिए तर देशबीच त्यस्तो सम्झौता हुन नसकेपछि सन् २००५ मा जसरी पनि गर्ने सहमति भएको थियो। अहिलेकै गतिमा कोइला र अन्य पेटोलियम पदार्थको प्रयोग बढ्दै गएमा यसै शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम ४.५ डिग्री सेल्सियससम्म बढ्न सक्ने अनुमान वैज्ञानिकको छ भने उनीहरूले १.५ डिग्रीभन्दा बढी भएमा त्यसले पृथ्वीको जलवायुचक्रमा धेरै नकारात्मक असर पार्ने बताएका छन्।

सन् २००९ मा त्यस्तो सम्झौता गर्ने भनिए पनि विश्व नेता सहमत नभएपछि सन् २०२० बाट त्यसलाई लागू गर्ने सहमति भएको थियो। पृथ्वीको तापक्रम कतिसम्म बढ्न दिने र त्यसका लागि कसले, कति कार्बनडाइअक्साइड ग्याँसको उत्सर्जन घटाउने र कहिलेसम्ममा घटाइसक्ने भन्नेमा देशहरूबीच व्यापक असहमित छ।

१९९७ मा हरितगृह ग्याँसको उत्सर्जन घटाउन जापानको क्योटो सहरमा गरिएको क्योटो अभिसन्धिमा अमेरिकाले अहिलेसम्म हस्ताक्षर गरेको छैन भने पहिला सहमत भइसकेका रुस, अस्ट्रेलिया, जापानलगायतका देशले हात झिकेकाले सो सन्धि असफल भइसकेको छ। यसरी विभिन्न समयमा भएको छलफलबाट आआफ्नो देशको हरितगृह ग्याँसको उत्सर्जन ५.२ प्रतिशतले घटाउनुपर्ने थियो, तर उनीहरू यसमा असफल भए। त्यसपछि म्याद थपिएको भए पनि अमेरिकालगायतका मुख्य उत्सर्जक देशले त्यसलाई अनुमोदन गरेका छैनन्। यसरी कसैले मान्ने, कसैले नमान्ने खालको नभएर सबैले मात्रे र कानुनी रूपमा बाध्यकारी गराउने खालका सम्झौता हुनुपर्ने माग नेपालजस्ता देशको रहेको छ।

झन्डै दुई दशक लामो पट्यारलाग्दो वार्ता अहिले निष्कर्षमा पुग्ला त भन्नेमा आशंका रहे पनि अहिलेसम्मकै सबैभन्दा उच्चतहको राजनीतिक प्रतिबद्धता देखिएकाले यो सम्मेलनबाट विश्वव्यापी सम्झौता हुने अपेक्षा गरिएको छ। नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको देश भएकाले विश्वव्यापी सम्झौताले हरितगृह ग्याँसको उत्सर्जन व्यापक घटाउने सहमति गरेमा नेपालजस्ता देशको जोखिम कम हुँदै जाने सम्भावना रहन्छ। दोस्रो, सो सम्झौताले जलवायु कोषमा धनी मुलुकलाई रकम जम्मा गर्न बाध्य बनाउने भएकाले नेपालजस्ता अति कम विकसित र उच्च जोखिम भएका देशले सो रकमको प्रयोग गर्न पाउनेछन्। त्यस्तो सम्झौताले हानीभन्दा पनि समग्र पृथ्वीलाई बस्नयोग्य बनाइराख्ने भएकाले लाभहानीका हिसाब यसमा उति महत्वपूर्ण मानिँदैन। यसरी हेर्दा देशमा जलवायु परिवर्तनको उच्च जोखिम सामना गरिरहेको देशमा पर्छ। देशको लागि जलवायु परिवर्तनका कारणको न्यूनीकरणका उपाय अवलम्बन गर्न विश्वका विकसित र बढी कार्बन उत्सर्जन गर्ने जीवनशैली र आर्थिक आधार परिवर्तन गर्न दबाब दिनु अति जरुरी भइसकेको छ।

# वडाध्यक्ष नै भारतीय !



**महोत्तरी/मस–** महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिकाका एकजना निर्वाचित वडाअध्यक्ष भारतीय भएको प्रमाणसहित कारबाहीका लागि उजुरी परेको छ । महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नम्बर ५ का अध्यक्ष जितेन्द्र चौधरी भारतीय नागरिक रहेको आरोप लगाउँदै जिल्ला प्रशासन कार्यालयमा उजुरी परेको हो । उजुरी परेपछि प्रशासनले अनुसन्धान शुरु गरेको बताइएको छ ।

चौधरी स्वतन्त्र रुपमा वडा अध्यक्षमा निर्वाचित भएका थिए । उनी भारतको बिहार राज्य अन्तर्गत सितामढी जिल्लाको सिर सियाका बासिन्दा रहेको दावी गर्दै रामगोपालपुर नगरपालिका वडा नम्बर ८ निवासी हरिश्चन्द्र ठाकुरले जिल्ला प्रशासन कार्यालय महोत्तरीमा उजुरी दिएका हुन् ।

भारतीय निर्वाचन आयोगको लिस्टमा समेत चौधरीको फोटो सहितको नामावली देखिएको उजुरीमा उल्लेख छ । त्यस्तै उनको बुवा हिरा चौधरीको समेत फोटो सहित भारतको भोटरलिस्टमा नाम उल्लेख रहेको देखिएको छ । उजुरीकर्ता ठाकुरले जिल्ला प्रशासन कार्यालयमा दिएको उजुरीमा उनीहरूले सन् २०१९ मा भारतिय लोकसभा निर्वाचनमा मतदान समेत गरेको उजुरीमा उल्लेख गरिएको छ ।

चौधरी भारतीय नागरिक रहेको र नक्कली कागजात पेश गरी नेपाली नागरिकता लिएको दावी उजुरीमा गरिएको छ । उजुरीकर्ताले एक महिना अगाडि नै उजुरी दिएपनि प्रशासनले यसमा चासो नलिएको दुखेसो पोखे ।

यद्यपि प्रशासनले भने अनुसन्धान शुरु गरिसकिएको जनाएको छ । महोत्तरीका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले वडाध्यक्ष चौधरी भारतीय नागरिक रहेको भन्दै उजुरी आएको पुष्टी गरे । उनले उजुरी आएपछि अनुसन्धानपनि शुरु गरिसकिएको बताए । 'हामीले अनुसन्धान प्रक्रियालाई अगाडि बढाएका छौं,' उनले भने, 'दोहोरो नागरिकता लिएको बारेमा भारतीय पक्षसँग पनि कुराकानी गरेर अनुसन्धान भइरहेको छ ।'

प्रमुख जिल्ला अधिकारी खत्रीले दोहोरो नागरिकता प्रमाणित भए कारबाही गरिने बताए । प्रमाणित भए उनको नागरिकता खारेजीका लागि गृह मन्त्रालय मार्फत मन्त्रिपरिषद्मा पेश गरिने उनले जानकारी दिए । 'अनुसन्धानमा वडाध्यक्ष चौधरी दोषी देखिए तत्कालै हामी कार्वाही प्रकृयामा जान्छौं,' उनले भने ।

नागरिकता ऐनको दफा २१ (१) मा विदेशीले नेपाली नागरिक भएको दाबी गरी नागरिकता लिए एक वर्षदेखि पाँच वर्षसम्म कैद वा ५० हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने प्रावधान छ । त्यस्तै दफा २१ कै उपदफा २ मा नागरिकता दिलाउन सनाखत या सिफारिस गर्नेलाई ६ महिना देखि एक वर्षसम्म कैद वा २५ हजार रुपैयाँदेखि ५० हजार रुपैयाँ जरिवाना वा दुवै सजाय हुने उल्लेख छ । हालसम्म नक्कली नागरिकता लिने महोतरीका तीन जना जनप्रतिनिधिहरुलाई आरोप लागेपनि कारबाही भएको देखिँदैन ।

# 'सरकारले गरेको विकास देख्न नसक्ने छटपटाए'



**सर्लाही/मस–** नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का प्रवक्ता नारायणकाजी श्रेष्ठले भ्रातृत्व, मित्रता र सामाजिक एकताका लागि खेल क्षेत्र एक महत्वपूर्ण क्षेत्र रहेको बताएका छन् । बागमती नगरपालिका-११ मा बिहीबारदेखि शुरु भएको प्रदेश नं २ कै सर्वाधिक धनराशिको चोथौ राजर्षि जनक कप फुटबल प्रतियोगिताको उद्घाटनका अवसरमा नेता श्रेष्ठले राष्ट्रियता, राज्य र समानताका विभिन्न क्षेत्रमा मतभेर रही रहेको समयमा राष्ट्रिय एकता तथा भ्रातृत्व जगाउने काम खेल क्षेत्रले गर्ने पार्टी प्रवक्ता श्रेष्ठले बताए । खेलाडीले देशको इज्जत, प्रतिष्ठा जोगाउने काम गरेको भन्दै खेलाडीलाई सम्मान गर्ने काममा नेपाल सरकार लागिपरेको उनले उल्लेख गरे ।

नेता श्रेष्ठले सरकार देश विकासको काममा तीव्र गतिमा लागेको भन्दै देशको विकासमा कसैले भाँजो हाल्ने काम गरेमा त्यस्तो कार्य आफूहरुको लागि स्वीकार्य नहुने बताए । उनले अहिलेको सरकारले गरेको विकास निर्माण देखेर विपक्षी अत्तालिएको बताए । सो अवसरमा नेकपा सर्लाहीका इञ्चार्ज डाचाराज वाग्लेले मानवीय संकटका रुपमा कोरोना भाइरसले जनजीवन त्रसित बनाएको बताउँदै राजनीति मुक्त खेल क्षेत्र बनाउन आग्रह गरे ।

बागमती युवा क्लबको आयोजनामा बिहीबारबाट शुरु भएको प्रतियोगिता चैत २ गतेसम्म चल्लेछ । प्रतियोगितामा दुई वटा विदेशी र १० सम्म १२ टिमको सहभागिता रहनेछ । प्रतियोगितामा प्रथम हुनेले रु १० लाख र द्वितीय हुनेले रु पाँच लाख नगद पुरस्कार पाउने बागमती युवा क्लबका अध्यक्ष किस्मत मैनालीले जानकारी दिए ।


## जि.सि. मल्टिसर्भिसेस प्रा.लि.को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०९/२५ मा दर्ता भएको प्रा.लि. नं. ९२९३/०६७/०६८ को जि.सि. मल्टिसर्भिसेस प्रा.लि.लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०७५/०९/१७ को विशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी बक्यौता, लेनदेन आदी भएमा स-प्रमाण सहित हकदावी गर्न यो यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय का.जि.का.म.न.पा. २६ सामाखुसी कपुरधारामा सम्पर्क गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिको भुक्तान भएपछि कम्पनी कानून बमोजिम खारेजी भइजाने र कम्पनी खारेज भएपछि कोही कसैको दावी नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**लिक्वीडेटर: लक्ष्मण श्रेष्ठ**
**इजाजतपत्र नं. ३६९, फोन नं. ९८५१०७८५४०**



## मोभिरा ओभरसिज सर्भिसेज प्रा. लि.को अत्यन्त जरुरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार सञ्चालन गर्न इजाजत प्राप्त यस **मोभिरा ओभरसिज सर्भिस प्रा.लि.** (श्रम इजाजत पत्र नं. ८३/०५३/०५४ मा यस कम्पनीलाई कुनै जानकारी नदिई कम्पनीको भिजिटिङ कार्ड लगी आफ्नो व्यक्तिगत कार्ड कम्पनीको नाममा छपाइ विभिन्न व्यक्तिहरूलाई प्रलोभन देखाइ रकम असुल गरेको भन्ने उजुरी यस कम्पनीमा पर्न आएकाले निज बागलुङ जिल्ला ढोरपाटन नगरपालिका वडा नं. ७ घर भई हाल टोखा बस्ने प्रेमबहादुर घर्ती मगरको छोरा सुनील भन्ने शिवकुमार घर्ती मगर र नुवाकोट जिल्ला विदुर नगरपालिका वडा नं. ४ बस्ने कृष्णबहादुर रिजालको छोरा शम्भु रिजाल यस कम्पनीको कुनै आधिकारिक व्यक्ति नभएको हुनाले निजहरूबाट कुनै कारोबार नगर्न यस सूचना मार्फत जानकारी गराइन्छ । यदि कारोबार गरेमा यस कम्पनी जवाफदेही हुने छैन ।

**मोभिरा ओभरसिज सर्भिसेज प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोन: ४३८५८२९, ४३८५८३२
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com



## साउदीमा रोजगारको अवसर

१. कम्पनी: **ABDULLAH H AL MARHOUN EST** शहर: **RIYADH**
पूर्व स्वीकृत मिति: २०७६/११/२२ चलानी नं.: ६०१५३००५ LT. No.: 234387

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Smith | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Building Cleaning Worker | 1 | 0 | | 1000 | ३१,१४० | | | | | | | |

२. कम्पनी: **AISHAH SAAD BIN NIKHILAN AL GHARBI CONTRACTING** शहर: **JUBAIL**
पूर्व स्वीकृत मिति: २०७६/११/२२ चलानी नं.: ६०१५३००३ LT. No.: 234385

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५६,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: **PRIVATE TRANSPORT NAIF HAMOUD ABDULLAH ALZEMAM** शहर: **DAMMAM**
पूर्व स्वीकृत मिति: २०७६/११/२२ चलानी नं.: ६०१५३००४ LT. No.: 234388

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५६,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २९, ३० र चैत १, २ गते (12, 13, 14 & 15 Mar. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
पो.ब.नं.: ९०३३, सामाखुसी-२९, काठमाडौं, फोन नं.: ०१-४३८८८६६, ४३८८८०८, ४३६४३३८, ४३५७६३१, फ्याक्स: ४३८१११७ मो. ९८५१२८४४५३, ९८४३८८१४८९, डाईरेक्ट नं. ४३८५४९९
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com



## मलेसियामा रोजगार

१. कम्पनी: **STEELWAY HOT-DIP GALVANIZING SDN.BHD** शहर: **MALAYSIA**
पूर्व स्वीकृत मिति: २०७६/११/२२ चलानी नं.: ६०१५३०२४ LT. No.: 234239

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. काममा दक्ष | 1200 | ३३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: **NIKOM INDUSTRIES SDN BHD** शहर: **MALAYSIA**
पूर्व स्वीकृत मिति: २०७६/११/२२ चलानी नं.: ६०१५३०२६ LT. No.: 234240

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 25 | 0 | स. काममा दक्ष | 1200 | ३३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितुरमा फागुन ३० गते (13 Mar. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**माईलस्टोन इम्प्लोईमेन्ट सर्भिस प्रा. लि.** श्रम इजाजत नं. ८१७/०६५/०६६
हनुमानस्थान-१०, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ५५२३३६२, फ्याक्स: ५५४६६५१
E-mail: miles@wlink.com.np, Web: www.milestoneemployment.com



## कतारमा रोजगारको अवसर

१. कम्पनी: **MACE QATAR** शहर: **DOHA**
पूर्व स्वीकृत मिति: २०७६/१०/१७ चलानी नं.: ६०१५०९२४ LT. No.: 232186 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 8 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 25 | 0 | | 1100 | ३५,३१० | | | | | | | |
| 3. | Driver | 3 | 0 | | 1900 | ६०,९९० | | | | | | | |

१. कम्पनी: **TOP FOOD** शहर: **DOHA**
पूर्व स्वीकृत मिति: २०७६/१०/१४ चलानी नं.: ६०१५०७१२ LT. No.: 231900 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८०,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 1 | 0 | | 1100 | ३५,३१० | | | | | | | |
| 3. | Marketing Representative | 1 | 0 | | 3000 | ९६,३०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ३० गते (13 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
साविकको नाम: रिजा ह्युमन रिसोर्स प्रा. लि.
श्रम इजाजत नं. १४६९/०७४/०७५ बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३८
Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com



## मलेसियामा रोजगार

कम्पनी: **HON WEI FURNITURE SDN BHD** शहर: **MUAR**
पूर्व स्वीकृत मिति: २०७६/११/०७ चलानी नं.: ६०१५२०३१ L.T. No.: 232754 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 15 | 0 | स. काममा दक्ष | 1200 | ३३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय धोबिघाट, ललितपुरमा चैत २ गते (15 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
जि.पि.ओ.बक्स: २३९०१, धोबीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोन: ५५५५८२३, फ्याक्स: ५५४३७६९
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com



## कुवेतमा रोजगार

**For Deal Co. For General Trade. W.L.L.**
पूर्व स्वीकृति मिति: २०७६/१०/२१ चलानी नं. ६०१५११५८ LT No.: 232306

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Light Driver | 10 | काममा दक्ष | 120 | ४५,९४८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Service Labour | 4 | | 120 | ४५,९४८।- | | | | | | | |
| ३. | Sales | 5 | | 120 | ४५,९४८।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०७६ फागुन ३० र चैत्र २ गते (13 & 15 March) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**समद ओभरसिज प्रा. लि.**
सिनामंगल-९, काठमाडौं, फोन: ४४९३३०४, ९८४८४६७४७९, ९८४८४६७४९०



## मलेसियामा रोजगारको अवसर

कम्पनी: **PALM OIL PLANTATION WORKER** शहर: **JOHOR**
पूर्व स्वीकृत मिति: २०७६/११/२२ चलानी नं.: ६०१५३०३१ LT. No.: 234591

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 16 | 0 | स. काममा दक्ष | 1200 | ३०,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ३० गते (13 Mar. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Oriental Overseas Pvt. Ltd.**
श्रम ई. पत्र नं. ३२५/०५९/०६०
Basundhara, Dhapasi-9, Kathmandu, Nepal, Tel.: 4386370
E-mail : orientalpl@yahoo.com



## मलेसियामा रोजगार

१. कम्पनी : **PURE STAR EXPORT SDN.BHD** शहर : **KUALA LUMPUR**
पूर्व स्वीकृत मिति: २०७६/१०/२९ चलानी नं.: ६०१५१६१० LT. No.: 233010 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 13 | 0 | स. काममा दक्ष | 1200 | ३३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

५. कम्पनी : **YATO PRECISION ENGINEERING SDN.BHD.** शहर : **MALAYSIA**
पूर्व स्वीकृत मिति: २०७६/११/०७ चलानी नं.: ६०१५२०४६ LT. No.: 232570 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 14 | 0 | स. काममा दक्ष | 1200 | ३३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ३० गते (13 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**पाल्ही ओभरसिज प्रा. लि.** श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com



## SAUDI मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: **TAYBAT ALHEJAZ CO. TO PROVIDE MEALS** शहर: **SAUDI**
पूर्व स्वीकृत मिति: २०७६/०९/१६ चलानी नं.: ६०१४९४०० LT. No.: 230180 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५०,०००/- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगिक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको
उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजको प्रतिलिपि ।
**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवृद्धन खर्च समेतको) कुल खर्च** : जम्मा रु ५०,०००/- मात्र
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस ।
२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस ।
५) अनिवार्य रुपमा बिमा गराउनुहोस ।
६) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस । सोको एक प्रति आफुसँग राख्नुहोस ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस ।
■ जापानिज भाषा स्पष्टसँग बोल्न, पढन र लेख्न सक्ने हुनुपर्नेछ ।

**प्यासिफिक ओभरसिज कन्सल्ट प्रा. लि.**
श्रम इजाजत नं. २९६/०७८/०७९
महाराजगंज-४, चक्रपथ, काठमाडौं, फोन: ४७२०२५४, ९८४९६६१२११
Email: info@pacificoverseas.org, pacificoverseas777@gmail.com, Web : www.pacificoverseas.org

## कोरोना कहर

# खेल प्रतियोगिता नगर्न राखेपको निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ फागुन

नेपाली खेलकुदको सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषद् राखेपले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सबै प्रतियोगिताहरु स्थगन गर्न सम्बन्धित पक्षलाई निर्देशन दिएको छ । हाल विश्वका विभिन्न भागमा फैलिएको कोरोना भाइरसका कारण नेपालमा आयोजना हुने सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरु स्थगन गर्न निर्देशन दिएको हो । त्यसअघि युवा तथा खेलकुदमन्त्रालयमा विहीबार मन्त्रीको अध्यक्षतमा बैठक पनि बसेको थियो । बैठकले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नीतिगत निर्णयको सिमा भित्र रही युवा तथा खेलकुद मन्त्रालयसँग समन्वय गरी परिषद्ले सम्पूर्ण खेल संघ,संस्थाहरु तथा सरोकारवालाहरुलाई सोही अनुरुप गर्न गराउन आवश्यक व्यवस्था मिलाउने निर्णय भएको बताइएको छ । मन्त्रालयले राखेपलाई प्रतियोगितबारे निर्णय गर्न भनेको थियो । राखेपले अर्को सूचना प्रकाशित नभएसम्म सम्भव भएसम्मका कार्यक्रमहरु स्थगित गर्ने सूचना प्रकाशित गरेको छ । नेपालमा मार्च २६ र ३० तारिखमा फिफा विश्वकप अन्तर्गत नेपालले छनोट खेल खेल्ने कार्यतालिका रहेको थियो । यो निर्णयसँग दुवै प्रतियोगिताहरु तत्कालका लागि स्थगन भएका छन् । चाइनीज ताइपेई र अस्ट्रेलियासँगको खेल पछि तय गरिने जनाइएको छ ।

अस्ट्रेलियाले पनि अहिले कोरोनाको त्रास रहेको भन्दै खेल स्थगन गर्न आग्रह गरेको थियो । यस्तै नेपालको उत्कृष्ट फ्रेन्चाईज लिगको रुपमा ख्याती कमाएको एभरेष्ट प्रिमियर लिग पनि अर्को सूचना जारी नभए सम्मका लागि स्थगन भएको छ ।

## एभरेष्ट प्रिमियर लिग स्थगित




काठमाडौं, मस- कोरोना भाइरसका कारण चौथो संस्करणको एभरेष्ट प्रिमियर लिग (इपिएल) टी-ट्वान्टी क्रिकेट प्रतियोगिता स्थगन गरिएको छ । चीनबाट शुरु भएको कोरोना भाइरस विश्वव्यापीरूपमा फैलँदै गएपछि इपिएल स्थगन गरिएको आयोजक इपिएलका प्रबन्ध निर्देशक आमिर अख्तरले जानकारी दिए । उनका अनुसार नेपाल क्रिकेट सङ्घ, सहभागी टोली तथा प्रायोजकसँगको छलफलपछि प्रतियोगिता स्थगन गरिएको हो ।

'कोरोनाको त्रासले अहिले इपिएल स्थगित गरेका छौँ । स्थिति नियन्त्रण भएपछि नयाँ मिति तय गर्नेछौं' । राजधानीमा विहीबार आयोजित पत्रकार सम्मेलनमा उनले भने ।

यसअघि इपिएल आगामी चैत १ देखि १५ गतेसम्म कीर्तिपुरस्थित त्रिवि मैदानमा हुने तय भएको थियो । प्रतियोगितामा विभिन्न ६ टोलीको सहभागिता हुनेछ । ललितपुर, काठमाडौं किङ्स इलेभेन, पोखरा राइनोज, चितवन टाइगर्स, भैरहवा ग्ल्याडियटर्स र विराटनगर वारियर्स रहेका छन् । इपीएलमा क्रिस गेलसहित विश्व स्तरका चर्चित खेलाडी ल्याउने गरि यसअघि टिमले सम्झौता गरिसकेका छन् ।

# राष्ट्रिय महिला लिग चैत ३ गतेदेखि

**काठमाडौं, मस–** उपप्रमुख राष्ट्रिय महिला लिग फुटबल प्रतियोगितामा तीन चरणमा सञ्चालन हुने भएको छ । अखिल नेपाल फुटबल सङ्घद्वारा विहीबार आयोजित पत्रकार सम्मेलनमा आगामी चैत पहिलो साताबाट शुरु हुने लिग तीन चरणमा खेलाइने जनाएको हो । यसमा पहिलो चरणको खेल धरानको धरान रङ्गशालामा चैत ३ देखि १३ गतेसम्म आयोजना हुनेछ ।



त्यसैगरी दोस्रो चरणको खेल काठमाडौंमा वैशाख पहिलो साताबाट र तेस्रो चरणको खेल विराटनगरको शहीद रङ्गशालामा जेठ तेस्रो साताबाट सञ्चालन हुनेछ । प्रतियोगितामा तीन विभागीय टोलीसहित कूल सात टोलीले प्रतिस्पर्धा गर्नेछन् । यसमा सशस्त्र प्रहरी बल (एपीएफ), नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, चन्द्रपुर नगरपालिका रौतहट, विराटनगर महानगरपालिका विराटनगर, चौदण्डीगढी नगरपालिका उदयपुर र वालिङ नगरपालिका स्याङ्जाले खेल्नेछन् ।

डबल राउण्ड रोबिनको आधारमा हुने लिगमा कूल ४२ खेल हुनेछ । लिगको विजेता टोलीले १५ लाख प्राप्त गर्दा उपविजेताले आठ लाख प्राप्त गर्नेछ । त्यसैगरी तेस्रो हुने टोलीले पाँच लाख तथा चौथोले तीन लाख पुरस्कार पाउनेछन् ।

प्रतियोगितामा फेयर प्ले घोषित हुने एक टोलीले एक लाख ५० हजार प्राप्त गर्नेछन् । प्रतियोगितामा उत्कृष्ट घोषित हुने फरवार्ड, डिफेन्डर, मिडफिल्डर, गोलकिपर र प्रशिक्षकलाई जनही ५० हजार प्रदान गरिने आयोजक एन्फाले जनाएको छ । त्यस्तै प्रतियोगिताको प्रत्येक खेलमा प्लेयर अफ दि म्याच घोषित हुने खेलाडीलाई पाँच हजार दिइने छ । प्रतियोगिताको तयारीस्वरुप एन्फाले सहभागी टोलीलाई जनही एक लाख दिनेछ । प्रतियोगितामा सहभागी टिमले २३ खेलाडीमध्ये चार विदेशी खेलाडी टिममा राख्न पाउने छन् ।

अफिसियलमा एक महिला अनिवार्य हुनुपर्ने छ । प्रतियोगिताको पहिलो खेलमा उदयपुरको चौदण्डीगढी नगरपालिका र रौतहटको चन्द्रपुर नगरपालिका भिड्ने भएका छन् ।

# आहा ! रारा गोल्डकपमा साहारा विजयी

**पोखरा, मस–** आहा! रारा गोल्डकप फुटबलमा घरेलु टोली साहारा क्लब विजयी भएको छ । पोखरा रंगशालमा विहीबार भएको उद्घाटन खेलमा ए डिभिजन लिग खेलेको ब्रिगेड ब्वाईज क्लबलाई तीन दुई गोल अन्तरले पराजित गर्दै साहाराले क्वार्टरफाइनलमा स्थान बनाएको हो । खेलको २६ औं मिनेटमा साहाराका खेलाडी जीवन रायमाझीले रातो कार्ड पाएका थिए । खेलको सुरुवातमा ब्रिगेड ब्वोइजका राजेश परियारले ५८ औं मिनेटमा गोल गरे । त्यस्तै साहाराका सीबी उरिचले ६२ औं मिनेटमा गोल गर्ने बित्तिकै बिग्रेड ब्वोइजले ६३ औं मिनेटमा गोल फर्कायो । साहाराका त्रिदेव गुरुङले ७९ औं मिनेटमा गोल गरे । निधार्रित खेल २-२ को बराबरी हुन गएपछि १५ मिनेट अतिरिक्त समय थपिएको थियो ।

निकै प्रतिस्पर्धात्मक बनेको खेलको १०० औं मिनेटमा साहाराका त्रिदेव गुरुङले पुनः गोल गरे । गुरुङ बिहीबारको खेलको म्यान अफ द म्याच घोषित भए । साहारा क्बलको आयोजनामा भएको प्रतियोगिता गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङले उद्घाटन गरेका थिए । मुख्यमन्त्री गुरूङले सबै मिलर कोरोना भाइरस संक्रमणको सावधानी अपनाउनुपर्ने बताए । जिल्ला प्रशासन कार्यालय कास्कीले सार्वजनिक कार्यक्रम नगर्न सूचना जारी गरेको छ । तर, नेपाल र पोखरा कोरोना भाइरसबाट सुरक्षित रहेको तथा सबै तयारी पूरा भइसकेकाले गोल्डकप सुरू भएको सहाराका अध्यक्ष केशव थापाले जानकारी दिए । उद्घाटन कार्यक्रममा ३५ हजार रूपैयाँसहित खेलाडी सुजल श्रेष्ठलाई वर्षको उत्कृष्ट खेलाडीको सम्मान दिइएको थियो । प्रतियोगिता अन्तर्गत शुक्रबार झापा र एपीएफबीच खेल हुने छ ।

# एकेडेमीया र भक्तपुर क्याम्पस क्वाटरफाइनलमा

**काठमाडौं, मस–**एकेडेमीया र भक्तपुर बहुमुखी क्याम्पस आठौं राष्ट्रव्यापी त्रिवि बीएससी सीएसआईटी कप टी- २० क्रिकेट प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेका छन् ।

एकेडेमीयाले प्राईमलाई ५ विकेटले हराउदा भक्तपुरले आयोजक न्युसमिट कलेजलाई ४ विकेटले स्तब्ध बनाउदै समूह बिजेताको रुपमा क्वाटरफाइनलमा प्रवेश गरेका हुन् । समय अभावका करण बिहिवारका खेल १६ ओभरको खेलाइएको आयोजक कलेजका निर्देशक चोकराज दवाडीले जानकारी गराए । मुलपानी क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङ रोजेको प्राईमले १६ ओभरमा अल आउट हुदा ७६ रन बनाउन सक्यो ।

प्राईमका आभाष शाहिले सर्वाधिक १९ रन जोड्दा म्यान अफ द म्याच समेत चुनिएका एकेडेमीयाका चिन्तामणी बिश्वकर्माले घातक बलिङ गर्दै ४ ओभरमा १ मेडन राख्दै ४ रन खर्चेर ३ विकेट लिएका थिए । एकेडेमीयाले सामान्य ७७ रनको लक्ष्य पाए पनि १५.३ ओभरमा ५ विकेटको क्षतिम कठिन जित निकाल्यो । बिजय टिमका साजन तन्डुकार(कुशल)ले सर्वाधिक १८ रन जोड्दा बलिङतर्फ निश्चल श्रेष्ठले ३ ओभरमा २१ रन दिदै २ विकेट लिएको थिए ।

न्युसमिट कलेजको आयोजनामा भएको दोश्रो खेलमा भत्तपुर बहुमुखी क्याम्पसले टस जितेर फिल्डिङ रोजे पछि क्रिजमा उत्रिएको आयोजक न्यु समिटले १६ ओभरको खेलमा ६ विकेटको नोक्सानीमा ९० रन जोड्यो । सुनिल खड्काले सर्वाधिक २४ रनको योगदान दिए । भक्तपुर क्याम्पसले १५ ओभरमा ६ विकेटको नोक्शानीमा ९३ बनाएर समूह बिजेताको रुपमा क्वाटर फाइनलमा स्थान बनायो । भत्तपुरका लागि अलराउण्ड प्रर्दशन गरेका गजेन्द्र पाण्ड्या बलिङतर्फ ४ ओभरमा १३ रन खर्चेर २ विकेट लिदा ब्याटिङतर्फ पनि नटआउट ४१ रन जोड्दै म्यान अफ द म्याच बन्न सफल भए । न्यु समिटका राजिब गुरुङले उत्कृष्ट बलिङ गर्दै ४ ओभरमा १७ रन खर्चेर ३ विकेट लिए पनि टिमलाई पराजयबाट जोगाउन सकेनन् । पराजय पश्चात पनि आयोजक न्यु समिट कलेजले समूह उपाबिजेताको रुपमा क्वाटर फाइनलमा स्थान बनाउन सफल भयो ।


वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं.

Kuwait मा रोजगार | कम्पनी: TECHNOLOGY INDUSTRIAL GASES PRODUCTION COMPANY (KSCC) शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७६/११/२२ चलानी नं.: ६०१५३०११ LT. No.: 233926

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver GCC | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५७,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labor | 6 | 0 | | 90 | ३४,३७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत २ र ३ गते (15 & 16 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

कास्की ओभरसिज प्रा. लि.
KASKI OVERSEAS Pvt.Ltd
Govt. Lic. No. 1091/073/074
सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ०१-४४८७७३३, ४४८७७४४, मो.: ९८५१०८३०६६ ९८४३०९१३४२, ९८४१५०६०२०, ९८१३८६४८८१ Email: kaski.overseas@gmail.com

साउदीमा रोजगार | कम्पनी : TOUBA COMPANY FOR CEMENT PRODUCTS शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/२२ चलानी नं.: ६०१५३०४३ LT. No.: 232153

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 2 | 0 | स. काममा दक्ष | 1700 | ५२,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन 30 गते (13 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


Reaz And Farah Employment Services Pvt. Ltd.
Gov. Lic. No. 1006/068/069
G.P.O. Box No.: 8925, Basundhara-8, Kathmandu, Tel 01-5903860, 5903387
Mob.: 9842405397, E-mail : reazandfarah@gmail.com

पुन: विज्ञापन कतारमा रोजगार 1. Alghroup Cleaning

पूर्व स्वीकृती मिति: २०७६/९/२२ चलानी नं.: ६०१४९७१७ LT No.: 230584

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Gen Clean Worker | 62 | साधारण | 900 | २८,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |

2. Qatar Gate Hospitality पूर्व स्वीकृती मिति: २०७६/९/२२ चलानी नं.: ६०१४९६९६ LT No.: 230497

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Ground Steward | 11 | 11 | साधारण | 900 | २८,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने / नहुने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने रोजगारदाता कम्पनीले | कामदार आफैले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु.१०,०००/- कामदार आफैले |

अन्तरवार्ता २०७६ फागुन 30 गते (13 March) यस प्रा. लि. को कार्यालय, कलंकीमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

रकि ईन्टरनेशनल प्रा. लि. श्रम ईजाजत न.५६४/०६२/०६३
कलंकी, काठमाडौं, फोन: ०१-५२२४५०१, ५२२४५०२, ५२२४५०३

जस्तो सीप उस्तै रोजगार

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.

साउदी अरबमा रोजगारको अवसर

कम्पनी : Abdullah Abdul Karim Abdullah Al-mojil Contracting Co. Joint Stock Closed शहर SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/१९ चलानी नं.: ६०१५२८५७ L.T. No.: 234160

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1300 | ४०,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ३० गते (13 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


Professional Manpower Services Pvt. Ltd.
Tokha -10, Dhapasi, Near By Horizon Apartment Gate No 02
Gpo Box No: 8356, Kathmandu, Nepal
Phone: 01-4387247, 4388247, Email: info@pms.com.np

मलेसियामा रोजगारको अवसर | कम्पनी : PENTAS JUANG SDN.BHD. शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मिति: २०७६/११/२२ चलानी नं.: ६०१५३००६ LT. No.: 234534

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 49 | 0 | स. काममा दक्ष | 1200 | ३३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ३० गते (13 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

R.B. RECRUITMENT SERVICES PVT. LTD.
Chabahil-7, (Opposite of KL Tower), Kathmandu, Phone : +977-01-4495967, +977-01-4468206
+977-01-4484094, Mobile: +977-9851096571, +977-9801095966, +977-9801095967
E-mail: rbrs929@gmail.com., Web.: www.rbrs.com.np

साउदीमा रोजगार | कम्पनी : ALI SAAD AL OJEMAN TRADING EST शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७६/११/१८ चलानी नं.: ६०१५२७०९ LT. No.: 233853

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ३० गते (13 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


श्रृष्टि ओभरसिज इम्प्लोईमेन्ट सर्भिसेज प्रा. लि.
नयाँ बानेश्वर, काठमाडौं, नेपाल फोन: ०१-४७८३३४७, फ्याक्स: ०१-४७८३३४८

मलेशियामा रोजगार | कम्पनी: POSCO-MKPC SDN BHD शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/११/२२ चलानी नं.: ६०१५३०७५ L.T. No.: 234437

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 9 | 0 | स. काममा दक्ष | 1200 | ३३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ३० गते (13 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


Supa Deurali Human Resource Pvt. Ltd.
SDHR
Gov. Lic No. 1473/074/075
Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: +977- 1- 4016191, Fax: 01-4016281
Email: supadeurali27@gmail.com, Web.: www.supadeuralimanpower.com

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



### नेप्से परिसूचक ५ अंकले घट्यो

# मान्छेको अनुहारले बजार घट्दैन: अर्थमन्त्री

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ फागुन



शेयर बजारमा भएको घटबढमा आफ्नो नाम जोडिएको भन्दै अर्थमन्त्री डा. युवराज खतिवडाले आपत्ति जनाएका छन्। सञ्चार तथा सूचना प्रविधि मन्त्री समेत रहेका खतिवडाले बिहीबार आयोजित सरकारको नियमित पत्रकार सम्मेलनमा बोल्दै पत्रकार हरुसँग असन्तुष्टि जनाएका हुन्।

अर्थमन्त्री खतिवडाले शेयर बजार कुनै व्यक्तिको अनुहारका कारण घटबढ नहुने बताए। खतिवडाले शेयर बजारमा आएको उतारचढावलाई आफूलाई जोडेर हेर्ने प्रवृतिलाई इंकित गर्दै उनले सेयर बजारलाई कुनै व्यक्ति विशेषको अनुहारसँग जोडेर हेर्न नहुने बताएका हुन्। 'नीति ठीक हुने, प्रणाली ठीक हुने, कम्पनीको क्षमता र स्वास्थ्य राम्रो हुने तर भाउ तलमाथि हुने भनेको बजारको सेन्टिमेन्ट हो त्यो हामी कसैसँग जोडेर हेर्नु उपयुक्त हुँदैन,' उनले भने।

यसैबीच शेयर कारोवार मापक नेप्से परिसूचक बिहीबार पनि ओरालो लागेको छ। पछिल्ला केही दिनदेखि लागातार ओरालो लाग्दै आएको शेयर कारोवार मापक नेप्से बिहीबार पनि ५.५० विन्दुले घटेर एक हजार ४३५.७० मा पुगेको हो। यस्तै सेन्सेटिभ परिसूचक १.१५ ले ओरालो लागेर ३०७.७२ मा पुगेको छ। नेप्से ओरोलो लागेपनि कारोवार रकम भने झण्डै अढाई अर्बको हाराहारीमा रहेको छ। कूल १७९ कम्पनीको ५९ लाख ४० हजार ५३३ कित्ता शेयर रु दुई अर्ब ४५ करोड ७० लाख ९३ हजार ४६३ मूल्यमा खरीद बिक्री भए। कारोवार भएका कूल १२ उपसमूहमध्ये बिहीबार पाँच उपसमूहको शेयर बढेको छ भने सात उपसमूहको शेयर ओरालो लागेको छ। विकास बैंक २१.२७, वित्त ७.८१, अन्य दुई, लघुवित्त ४८.०३, जीवन बीमा ७७.८५ ले वृद्धि भएको छ। यस्तै बैंकिङ १४.२४, व्यापार १७.७२, होटल २५.९८, जलविद्युत् ९.३१, निर्जीवन बीमा २५.६२, उत्पादन ३८.९५ र सामूहिक लगानी कोष ०.१४ ले घटेको छ। कारोवारका आधारमा बिहीबार पनि नेपाल लाइफ इन्स्योरेन्स कम्पनी शीर्षस्थानमा रहेको छ। सो कम्पनीको रु ३७ करोड ८७ लाख १९ हजार ८६६ मूल्य बराबरको शेयर कारोवार भई शीर्षस्थानमा रह्यो। यस्तै एनएमबी बैंक रु १२ करोड ६५ लाख ९२ हजार २२, एनआइसी एशिया बैंक रु नौ करोड ६८ लाख ६ हजार, मञ्जुश्री फाइनान्स रु आठ करोड ४२ लाख ३९ हजार ४३९, नबिल बैंक रु छ करोड ५८ लाख ५३ हजार २९७ र हिमालयन डिस्टिलरीको रु छ करोड ४४ लाख ८० हजार बराबरको कारोवार भई शीर्षस्थानमा रहे।

### एनआईसी एशियाको होली अफर

# मोबाइल बैंकिङमा शत प्रतिशत नगद फिर्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ फागुन




एनआईसी एशिया बैंक लिमिटेडले होली पर्वलाई लक्षित गरी बैंकका मोबाइल बैंकिङ्ग प्रयोगकर्ताहरूका लागि विशेष योजना अघि सारेको छ। यस योजनाअन्तर्गत मोबाइल बैंकिङ्ग प्रयोग गरी २०७६ फागुन २६ र २७ गते कारोबार गर्दा २०० जना भाग्यशाली ग्राहकहरूले १०० प्रतिशत वा अधिकतम ५,०००सम्म नगद फिर्ता प्राप्त गर्न सकिनेछ।

बैंकले ल्याएको निःशुल्क डेबिट कार्ड र मोबाइल बैंकिङ्ग सेवा सुचारु गरी दैनिक मोबाइल रिचार्ज, विद्युतीय महसुल भुक्तानी, हवाई टिकट, होटल तथा रेष्टुरेन्टहरूमा छुट, विभिन्न अवसर तथा चाडपर्वका बेला बैंकले ल्याएका छुट अफरहरू आदिको उपयोग गरी ग्राहकहरूले पर्याप्त फाइदा उठाउँदै आएका छन्।

जसअनुसार बैंकको मोबाइल बैंकिङ्ग प्रयोग गर्दा मासिक १५,४००सम्म तथा डेबिट कार्ड प्रयोग गरी मासिक ६,०००सम्मको लाभ ग्राहकहरूले लिइरहेका छन्। डिजिटल फर्स्टको रणनीति अवलम्बन गरी डिजिटल बैंकिङ्ग क्षेत्रमा अग्रणी बैंकका रुपमा स्थापित हुन सफल भैसकेको यस बैंक विभिन्न छुट तथा नगद फिर्ता अफरहरूका साथ आक्रमक रुपमा अघि बढिरहेको छ।

यसैबीच प्रत्येक शुक्रबार बेलुकी ८ बजे देखी शनिबार बिहान ८ बजेसम्म संचालित ह्याप्पी आवरमा मोबाइल बैंकिङ्ग सेवा प्रयोग गरी ५ प्रतिशत वा १०० सम्म क्यास ब्याक, पहिलोपटक विजुलीको बिल भुक्तानी गर्दा ५ प्रतिशत वा १,००० सम्म छुट, प्रत्येक बुधबार केएफसी तथा पिज्जा हटमा १० प्रतिशत क्यास ब्याक, प्रत्येक बुधबार दराज डट कमबाट सामान खरिद गर्दा १० प्रतिशत वा ५००सम्म छुट, सोनी ब्राभिया टेलिभिजन खरिद गर्दा १० प्रतिशत वा २,०००सम्म छुट लगायत विभिन्न अफरहरू बैंकले सञ्चालन गरिरहेको छ।

बैंकको मोबाइल बैंकिङ्ग सेवा प्रयोग गरी रिचार्ज गर्दा ३ प्रतिशत छुट पनि उपलब्ध छ। यसका अतिरिक्त बैंकका ग्राहक महानुभावहरूले मोबाइल बैंकिङ्ग र डेबिट कार्ड प्रयोग गरी २ हजार भन्दा बढी अस्पताल, होटल तथा रेष्टुरेन्ट, डिपार्टमेन्ट स्टोर, लगायतमा अधिकतम २५ प्रतिशतसम्म छुट प्राप्त गर्नुहुन्छ। साथै, यस बैंकले संचालन गरेको 'जति धेरै कारोबार, त्यति धेरै उपहार' योजना अन्तर्गत मोबाइल बैंकिङ्ग प्रयोग गरी अधिकतम कारोबार संख्या गर्ने ३ जना ग्राहक महानुभावहरूले प्रत्येक हप्ता जनही ५०० तथा मासिक रुपमा अधिकतम कारोबार संख्या गर्ने ३ जना ग्राहक महानुभावहरूले जनही १,००० सम्मको नगद उपहार प्राप्त गर्दै आउनुभएको छ।

यस बैंकले संचालन गरेका 'स्वायप मोर, सेभ मोर' 'भाट भटेनी क्यास ब्याक अफर,' 'भ्यालेन्टाइन डे' अफर,' 'वल्ड लिंक क्यास ब्याक अफर,' 'फुडमाण्डु क्यास ब्याक अफर' लगायतका विभिन्न अफर हरूमा ग्राहक महानुभावहरूको उत्साहजनक सहभागीता रहेको थियो।

# सानिमा बैंक र आइएमएस स्मार्टबीच सम्झौता



**काठमाडौं/मस–** सानिमा बैंक लिमिटेड र नेपालस्थित सामसुङ मोबाइल फोनको आधिकारिक बिक्रेता आइएमएस नेपाल बीच सानिमा बैंकका ग्राहकहरुलाई सामसुङको मोबाइल सेट सहज रुपमा मासिक किस्तामा प्रदान गर्ने सम्झौता भएको छ।

सम्झौता अनुसार सानिमा बैंकका ग्राहकहरुले डेबिट तथा क्रेडिट कार्ड प्रयोग गरी सामसुङ कम्पनीको स्मार्ट फोनहरु रिकमेन्डेड रिटेल मूल्यमा खरिद गर्न सक्नेछन्।यसै गरी बैंकको क्रेडिट कार्ड प्रयोगकर्ताले आकर्षक ब्याज दरका साथ १८ महिना सम्मको मासिक किस्ता भुक्तानी गर्न सकिन्छ। साथै भर्खरै अन्तराष्ट्रिय बजारमा लन्च गरिएको ग्यालेक्सी एस२० र ग्यालेक्सी एस२०प्लस विशेष मूल्यमा प्रि-बुक गर्दा प्रि-बुकिङ्ग उपहार समेत प्राप्त गर्न सकिनेछ।

सो सम्झौतापत्रमा बैंकको तर्फबाट डिजिटल बैंकिङ्ग विभागका प्रमुख विक्रम श्रेष्ठ र आइएमएस नेपालको तर्फबाट सेल्स तथा अपरेसन म्यानेजर नारायण प्रसाद भुषालले हस्ताक्षर गरे।

### अरुण तेस्रो जलविद्युत् आयोजना

# १२ हजार रुख कटान गरिने



**सङ्खुवासभा/रासस–** सङ्खुवासभामा विद्युत् आयोजना विस्तारका लागि राष्ट्रिय वनका झण्डै १२ हजार रुख कटान गरिने भएको छ। नेपालको बहुचर्चित आयोजनाको रुपमा चिनिने ९०० मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजना र २२० केभी प्रसारण लाइनको कोशी करिडोर विस्तारको क्रममा ११ हजार ८९५ रुख काटिने भएको हो।

डिभिजन वन कार्यालय सङ्खुवासभाका सहायक वन अधिकृत हेमन्त पराजुलीले अरुण तेस्रोको २२० केभीअन्तर्गत पावरहाउस र डचामसाइटमा पाँच हजार ४१ रुख काटिने जानकारी दिए। कोशी करिडोर २२० केभीअन्तर्गत पर्ने क्षेत्रका २२० र अरुण तेस्रोको डचामसाइट जाने ३३ केभी क्षेत्रअन्तर्गत पर्ने एक हजार ९१७ रुख काटिने तयारी भइरहेको छ। यस्तै अरुण तेस्रोको ४०० केभीअन्तर्गत तीन हजार ८४७ रुख काटिने भएको समेत सहायक वन अधिकृत पराजुलीले बताए। अरुण तेस्रोको २२० केभीअन्तर्गत चिचिला गाउँपालिका-२ पुखुवामा रहेको पावरहाउस गृह र मकालु गाउँपालिका-५ फ्याक्सिन्दामा बन्ने डचामसाइट जाने रुटमा पाँच हजार ४०१ रुख काटिनेसमेत पराजुलीले बताए। आयोजनास्थलभित्रका क्षेत्रमा पर्ने झण्डै ९० प्रतिशत रुख काटिसकिएको समेत सहायक वन अधिकृत पराजुलीले जानकारी दिए। त्यसैगरी सुनसरी-धरान-धनकुटा हुँदै सङ्खुवासभा र भोजपुरसम्म जोडिने २२० केभी प्रसारण लाइनको कोशी करिडोरअन्तर्गत ७३० रुखसमेत काटिने भएको छ।

नौ सय मेगावाटको अरुण तेस्रोको पिखुवा हाइड्रोपावरबाट डचामसाइट फ्याक्सिन्दा लैजाने ३३ केभी प्रसारण लाइनअन्तर्गत एक हजार ९१७ रुख काटिने भएको छ। अरुण तेस्रो ९०० मेगावाटबाट उत्पादित विद्युत् सङ्खुवासभा, भोजपुर, खोटाङ, उदयपुर र सिरहा हुँदै भारत लैजाने ४०० केभी प्रउसारण लाइनअन्तर्गत ठाउँमा तीन हजार ८४७ रुख काटिने छन्। "अरुण तेस्रो प्रसारण लाइनअन्तर्गत निर्माण कम्पनी सतलजले रुख काट्ने अनुमति सम्बन्धित निकायसँग माग गरेसँगै उक्त क्षेत्रमा कटानी हुने रुखको निरीक्षण गर्दा यस किसिमको सङ्ख्याको आँकडा आएको हो। परियोजनास्थलमा आयोजना सञ्चालन गर्न वन मन्त्रालयसँगको पत्राचारपछि रुख काट्ने काम अन्तिम चरणमा पुगिसकेको छ। अन्य प्रसारण लाइनमा पनि रुख काट्ने अनुमतिका लागि मन्त्रालयमा फाइल पठाएका छौं, काट्ने आदेश आएको छैन", सङ्खुवासभाका सहायक वन अधिकृत पराजुलीले भने।

# सिटिजन्स बैंकले दियो शैक्षिक सामग्री

**काठमाडौं/मस-** सर्वसाधारणलाई गुणस्तरिय सेवा तथा सुविधा दिदैं आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले भोजपुर जिल्लाको श्री विद्योदय माध्यमिक विद्यालयलाई संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत भौतिक सामग्रीहरु सहयोग प्रदान गरेको छ।

विद्यालयको प्राङ्णमा आयोजित एक कार्यक्रमका बीच उक्त सहयोग हस्तान्तरण गरियो। विद्यार्थी दिवा खाजाको तयारीका लागि आवश्यक पर्ने भाँडाकुडा तथा अन्य सामग्रीहरु उपलब्ध गराएको छ। विद्यालयले विद्यार्थीको चौतर्फी विकाशको निम्ति विभिन्न कार्यक्रमहरुलाई पाठ्यक्रममा समावेश गरी गुणस्तरीय शिक्षा प्रदान गर्दै आई रहेको छ।

विद्यार्थीहरुको मानसिक, शारीरिक, बौद्धिक तथा सामाजिक विकाश हुन सकेमा मात्रै उनीहरु पूर्ण मानव बन्न सक्छन भन्ने कुरालाई शिरोधार्य गर्दै विद्यालयले आफूलाई शैक्षिक तथा भौतिक रूपमा सबल बनाउन विभिन्न कामहरु गर्दै आएको छ। नेपाल सरकारले अवलम्बन गरेको 'सुखी नेपाली र सम्बृद्ध नेपाल' को अवधारणालाई साकार पार्न यस किसिमको सहयोग फलदायी हुने विश्वास बैंकले व्यक्त गरेको छ। यस सहयोगले सामाजिक अपहेलना र तिरस्कार भोगेर जीवनयापन गरिरहेका जनजाती, दलित र दयनीय आर्थिक अवस्था भएका बालबालिकाहरुको मनोवल थप उच्च हुने कुरा विद्यालयले जनाएको छ।

अब आउने निकट भविष्यमा बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्ने कुरा जानकारी गराएको छ।

# कुमारी बैंकको परिवार सुरक्षा बचत खातामार्फत बीमा दाबी भुक्तानी




**काठमाडौं/मस–** कुमारी बैंकले परिवार सुरक्षा बचत खाता मार्फत खातावाला, दम्पत्ति तथा २१ वर्षमुनिका दुई बालबालिका समावेश हुनेगरि स्वास्थापोचार बिमा, आकस्मिक दुर्घटना बिमा, शारीरिक अशक्तता बिमा लगायत १८ घातक रोगहरु विरुद्ध बिमा सुविधा प्रदान गरिआएकोमा, विभिन्न ग्राहकहरुले बिमा दाबी भुक्तानी पाउने क्रम बढ्दो छ।

बिहीबारको मितिसम्म, ६१ बिमा दाबी भुक्तानीहरु ग्राहकले प्राप्त गरिसकेका छन्। हालसम्म, परिवार सुरक्षा बचत खाता मार्फत बीमीत ग्राहकहरुले१,३५५,१८३ बराबरको दाबी रकम प्राप्त गरिसकेका छन्।

यीमध्ये धेरैजसो औषधोपचार बिमा दाबीहरू रहेको भनाई बैंकको छ। उक्त बिमा भुक्तानी बैंकले अजोड इन्स्योरेन्सको सहकार्यमा गरेको बैंकले जनाएको छ।


# सेञ्चुरीका ग्राहकलाई होटल अतिथिमा छुट



काठमाडौं/मस- सेञ्चुरी कमर्सियल बैंक र मेडीकल कलेज लाइन बाँके स्थित होटल अतिथिबीच विभिन्न सेवा सुविधामा दिइने छुट सम्बन्धि सम्झौता भएको छ। उक्त सम्झौता पत्रमा बैंकका बासगढी शाखा प्रबन्धक प्रदीप खरेल र होटल अथीतीका प्रबन्ध निर्देशक नर बहादुर ओलीले हस्ताक्षर गरेका हुन्।

बैंकले आफ्ना क्रेडिट र डेबिट कार्ड ग्राहकहरुलाई सहुलियत प्रदान गर्ने गरी सम्झौता गरेको छ। सम्झौता अनुसार बैंकको क्रेडिट र डेबिट कार्ड ग्राहकहरुले होटलको सेवा सुविधामा १० प्रतिशतसम्म छुट पाउनेछन्।










प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**